# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २२१ | काठमाडौं | शनिबार, २२ मंसिर २०८१ | Prabhab National Daily | Saturday, December 07, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com




सप्ताहव्यापी रामजानकी विवाहपञ्चमी महोत्सवको मुख्य दिन शुक्रबार जनकपुरधामस्थित जानकी मन्दिरमा विवाह विधि हेर्न भक्तजनको घुइँचो । (थप समाचार पृष्ठ ५ मा)

*तस्बिरः चन्द्रदेव साह/रासस*

## संक्रमणकालीन न्यायसम्बन्धी दुई आयोग

# अध्यक्षका लागि आठ र सदस्यका लागि ३२ जनाको नाम 'सर्ट लिस्ट'मा

- अध्यक्ष पदका लागि डिल्लीराज आचार्य, अच्युतप्रसाद भण्डारी, विजय सिजापती, विश्वराज कोइराला, सुदीप पाठक, महेश थापा, शेरबहादुर केसी र काशीराज दाहालको नाम 'सर्ट लिस्ट'मा
- छनोटमा परेका ४० जनाको नाममा पाँच दिनका लागि उजुरी आह्वान हुने
- संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय बनाउन निष्पक्ष, स्वतन्त्र र सक्षम व्यक्तिलाई पदाधिकारी छनोट गर्नुपर्नेमा सरोकारवालाको जोड





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संक्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका लागि पदाधिकारी सिफारिस समितिले ४० जनाको नाम छनोट गरेको छ । समितिले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारीका लागि अध्यक्षमा आठ र सदस्यमा ३२ जनाको नाम छनोट गरेको समितिका सदस्य प्रवक्ता खम्बबहादुर खातीले जानकारी दिए ।

उनका अनुसार अध्यक्ष पदका लागि डिल्लीराज आचार्य, अच्युतप्रसाद भण्डारी, विजय सिजापती, विश्वराज कोइराला, सुदीप पाठक, महेश थापा, शेरबहादुर केसी र काशीराज दाहालको छनोट गरिएको छ । सरकारले गत कात्तिक २ गते पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा सिफारिस समिति गठन गरेको थियो । समितिलाई दुई महिनाको कार्यअवधि दिइएको थियो । दुई आयोगका पदाधिकारीका लागि १५६ जनाले आवेदन दिएका थिए ।

प्रवक्ता खातीका अनुसार छनोटमा परेका नामबारे पाँच दिनभित्र उजुरी लिई त्यसउपर सुनुवाइ हुने छ । 'सर्ट लिस्ट'मा परेका ४० जनाको नाममा पाँच दिनका लागि उजुरी आह्वान हुने उनले बताए । 'मंसिर २६ गते बैठक बस्छ । तीन दिन प्रस्तुतीकरणपछि पदाधिकारी छनोटको निर्णयमा पुग्छौं,' उनले भने । विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पूरा भइसक्दा पनि संक्रमणकालीन न्यायको प्रक्रिया निष्कर्षमा पुग्न सकेको छैन । सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी छनोट हुने चरणमा छ ।

### स्वतन्त्र, निष्पक्ष र सक्षम व्यक्ति छनोट गर्न माग

संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय बनाउन निष्पक्ष, स्वतन्त्र र सक्षम व्यक्तिलाई पदाधिकारी सिफारिस गर्नुपर्नेमा सरोकारवालापक्षले जोड दिएका छन् । संवैधानिक तथा न्यायिक पत्रकार मञ्च र एम्नेस्टी इन्टरनेसनल नेपालको संयुक्त आयोजनामा शुक्रबार आयोजित 'संक्रमणकालीन न्याय प्रक्रियामा विश्वसनीयता' विषयक अन्तरक्रियामा मानवअधिकारकर्मी चरण प्रसाईंले पदाधिकारी निष्पक्ष, स्वतन्त्र र सक्षम व्यक्तिलाई छनोट गर्नुपर्ने बताए । 'विश्वसनीय ढंगबाट प्रक्रिया अगाडि बढाउनुपर्छ, यो अन्तिम अवसर हो,'

क्रमशः पृष्ठ २ मा

# स्वयम्भूनाथ क्षेत्रमा भुटानी नरेशको ५० मिनेट

■ **अशोक घिमिरे**



- भारतबाट स्वदेश फर्कने क्रममा काठमाडौं आएका थिए भुटानी नरेश
- स्वम्भूनाथ र बौद्धनाथको दर्शनपछि शुक्रबार नै स्वदेश फर्किए
- अनौपचारिक भ्रमणमा आएका उनलाई परराष्ट्रमन्त्री डा. आरजु राणाले गरिन् स्वागत र बिदाइ

**काठमाडौं–** भुटानका नरेश जिग्मे खेसर नाम्गेल वाङ्चुक अनौपचारिक भ्रमणका क्रममा काठमाडौं ओर्लंदै गर्दा विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भूनाथपरिसरमा उनको स्वागतको तयारी चल्दै थियो । बिहान १० बजे आसपास स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासममितिका कर्मचारी स्वयम्भूनाथको प्रवेशद्वारमा 'भुटानी नरेशलाई स्वयम्भूमा हार्दिक स्वागत' लेखिएको व्यानर टाँग्न व्यस्त थिए ।

स्वयम्भू प्रवेशद्वार अगाडि नेपाल र भुटानका राष्ट्रिय झण्डा फहराइएको थियो । महासमितिका अध्यक्ष भिक्षु धर्ममूर्ति, पुरातत्त्व विभागका अधिकारी भुटानी नरेशले काठमाडौं उपत्यकाको दृश्यावलोकन गरेका थिए ।

स्वयम्भू महाचैत्यस्थित बुद्ध मन्दिर अगाडि भुटानी नरेशले दीप प्रज्वलन र पूजाअर्चना तथा हारती मन्दिरमा मौलिक परम्पराअनुसार पूजाआजा गरे । सो क्रममा बज्राचार्य गुरुहरूले मन्त्रोत्चारण गरेका थिए । स्वयम्भूनाथ परिसरमै रहेको भुटानसँग सम्बन्धित महायानी मन्दिरमा रहेको भगवान् गौतमबुद्धको प्रतीमामा दीप प्रज्वलनसँगै पूजाअर्चना गरेका थिए । त्यसक्रममा लामा गुरुहरूले मन्त्रोत्चारण गरेका थिए ।

महासमिति र पुरातत्त्व विभागका तर्फबाट नरेशलाई स्वयम्भूनाथको ऐतिहासिक, पौराणिक र सांस्कृतिक पक्षबारे जानकारी गराइएको अध्यक्ष भिक्षु धर्ममूर्तिले जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# संघको भवन खरिद प्रक्रिया अपारदर्शी भएको आरोप

## भवन खरिदको निर्णय सच्याउन लोकतान्त्रिक एसोसिएसनको माग

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भवन खरिद प्रक्रिया अपारदर्शी भएको जनाउँदै यससम्बन्धी निर्णय सच्याउन माग गरेको छ । वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठनको रूपमा रहेको संघले सिफलमा पार्किङ र नक्सा पाससमेत नभएको भवन खरिद गर्न बैना गरेकोप्रति एसोसिएसनले आपत्ति जनाएको हो ।

एसोसिएसनले शुक्रबार एक विज्ञप्ति जारी गरी व्यवसायीहरूको बृहत् भेलाबाट निर्णय गर्नुपर्नेमा अपारदर्शी ढंगबाट संघको कार्यसमितिले भवन खरिदसम्बन्धी निर्णय गरेको देखिएको उल्लेख गरेको छ । 'तीन दशकभन्दा बढीको इतिहास, करिब एक हजारभन्दा बढी व्यवसायी कम्पनीहरू आबद्व तीन हजारभन्दा बढी व्यवसायीहरू जोडिएको ऐतिहासिक संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आफ्नै भवन खरिद गर्न खोज्नु सबै व्यवसायीहरूको लागि खुसी अनि गौरवको विषय हो,' एसोसिएसनका अध्यक्ष दिपक थापा र महासचिव महेशकुमार बस्नेतको संयुक्त हस्ताक्षरमा जारी विज्ञप्तिमा भनिएको छ, 'संघको भवन भनेको सम्पूर्ण व्यवसायीहरूको साझा सम्पत्ति हो जसमा सबै व्यवसायीहरूको साझा योगदान र अपनत्व पनि हुनुपर्दछ ।'

संघको आफ्नै भवन किन्ने वा बनाउने विषयमा लोकतान्त्रिक एसोसिएसन सधैं सकारात्मक रहेको पनि प्रस्ट पारिएको छ । साथै, आफ्ना सदस्य संस्थाहरूको आर्थिक योगदानको जिम्मेवारी लिनसमेत संस्थागतरूपमा तयार रहेको जनाइएको छ ।

'विगतमा संघका लागि आफ्नै भवन आवश्यक महसुस भएर का.जि.का.म.न.पा.-३५ मा संघले ७ आना जग्गा खरिद गरेको र त्यही जग्गामा भवन बनाउने भनी शिलान्याससमेत भएको स्मरण गराउन चाहान्छौं तर हाल आएर त्यो जग्गा सामान्य टहरासमेत बनाउन नमिल्ने अवस्थामा देखिन्छ । उक्त जग्गामा नेतृत्वले भोलिको दिन देख्न नसक्दा व्यवसायीहरूसँग उठाएको रकममात्र डुबेन यसरी व्यवसायीका सपना र भावना पनि दुरूपयोग भएका छन्,' विज्ञप्तिमा उल्लेख छ ।

'हाल आएर पुनः संघले आफ्ना घटक, शुभेच्छुक, जातीय, भेगीय संस्थाहरू, र संघकै पूर्वजिम्मेवार व्यक्तित्वहरूलाईसमेतबाहिर राखेर अपारदर्शीरूपमा संस्थागत सम्पत्ति खरिद प्रक्रियासमेत पूरा नगरी काठमाडौंको सिफलमा पार्किङ नभएको, नक्सामा बाटो कायम नभएको र अरुको घरको गेटबाट संघको भवनमा जानुपर्ने बाध्यता भएको भवनलाई खरिद गर्न बैना रकम दिएर कार्यालय नै स्थानान्तरण गरिसकेको देखियो,' एसोसिएसनद्वारा जारी विज्ञप्तिमा थप भनिएको छ, 'सोही भवन खरिदका लागि व्यवसायीहरूसँग रकम माग गरिरहेको र रकम दिन दबाबसमेत दिइरहेको भन्ने गुनासो पनि प्राप्त भयो ।'

भवन खरिदजस्तो महत्त्वपूर्ण बिषयमा व्यवसायी भेला बोलाएर बृहत् छलफल गर्नुपर्नेमा त्यसो नहुनु शंकास्पद पनि देखिएकाले यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । 'उक्त भवन व्यवसायीहरूका लागि उपयुक्त नदेखिएको र खरिद प्रक्रिया पनि अपारदर्शी भएको भनी व्यवसायीहरूबाट व्यापक गुनासो आएकाले यस प्रक्रियालाई सच्याएर बढ्न बढाउन लोकतान्त्रिक एशोसिएसन हार्दिक अनुरोध गर्दछ,' विज्ञप्तिमा उल्लेख छ ।

व्यवसायीहरूको सामुहिक योगदानले खरिद गरिने साझा सम्पत्तिको खरिद प्रक्रिया पारदर्शी होस्, सबै व्यवसायीहरूको अपनत्व होस्, सबै व्यवसायीहरूलाई पायक पर्ने स्थानमा होस् र सुविधा सम्पन्न पनि होस् भन्ने एसोसिएसनको धाराणा रहेको प्रस्ट पारिएको छ । 'व्यवसायीहरूको एकता, हक, हित र संरक्षणका लागि स्थापित यस लोकतान्त्रिक एसोसिएसनले सही नियतले ल्याइएका हरेक विषयमा समर्थन र सहयोग गर्ने छ तर यसरी गलत नियतले ल्याइएका कुराहरूमा सदैव खबरदारी तथा सचेत गराउने छ,' लोकतान्त्रिक एसोसिएसनको भनाइ छ ।




# दुर्लभ कृष्णवक्ष रातोकण्ठ चरा कञ्चनपुरमा पहिलोपटक देखियो

**कञ्चनपुर–** हिमालय पर्वतमालामा पाइने दुर्लभ कृष्णवक्ष रातोकण्ठ (चाइनिज रुबीथ्रोट) चरा पहिलोपटक कञ्चनपुरमा देखापरेको छ । बेलौरी नगरपालिका-७ नकैया सीमसार क्षेत्रमा कृष्णवक्ष रातोकण्ठ चरा फेला परेको हो ।

नेपाल पक्षी संरक्षण संघ (बिसिएन)का चराविज्ञ हिरूलाल डगौरा शुक्लाफाँटा नेचरगाइड एसोसिएसनका सुवन चौधरी र महानन्द जोशीको टोलीले सो चरा फेला पारेका हुन् । हिमाली क्षेत्रमा हिउँ पर्ने क्रमसँगै चिसो बढेपछि यो चरा तराई क्षेत्रमा आउने गर्दछ । 'तराई क्षेत्रमा आउने भए पनि विरलै देखापर्ने गरेको छ,' चराविज्ञ डगौराले भने, 'कञ्चनपुरमा भने पहिलोपटक देखापरेको छ, यो चरा यस क्षेत्रका लागि दुर्लभ नै हो ।' अहिलेसम्मको तथ्यांकमा यो चरा नदेखिएको उनको भनाइ छ ।

उनका अनुसार यो चरा बंगलादेश, भुटान, म्यानमार, नेपाल, पाकिस्तान, रुस र थाइल्याण्डमा पाइन्छ । गर्मीका बेला हिमाली क्षेत्रमा र जाडोमा तराई क्षेत्रमा बसाइँ सर्ने गर्दछ । जाडोमा यो चरा नेपालदेखि भारतको आसामसम्म बसाइँ सरेर पुग्ने गर्छ । यसले गर्मीका बेला प्रजनन् गर्ने गर्दछ । घना रुख र झाडीमा गुँड लगाएर अण्डा पारेर बच्चा कोर्लने गर्दछ । कृष्णवक्ष रातोकण्ठ चराको भालेको सेतो निधार, स्टलेटी खैरो हुन्छ भने पखेटा खैरो रङको र पुच्छर सेतो टुप्पोमा कालो रङको हुन्छ । घाँटी र छातीको छेउ कालो हुन्छ भने घाँटीको बीचमा रातो रङको हुन्छ ।

पोथी निलो खैरो रङको हुन्छ । घाँटी सेतो हुन्छ । 'यस चराका जोडी प्रजननको समयमा एक्लै वा जोडीमा देखिने गर्दछन्,' चराविज्ञ डगौराले भने, यसले स-साना कीरा र कमिलालाई आहाराका रूपमा खाने र बचेरालाई खुवाउने गर्दछन् ।' तराई क्षेत्रमा चिसो बढ्न थालेपछि यो चरा पुनः पुरानै बासस्थानमा फर्कने गर्दछ । यो चरा विशेषगरी समुद्री सतह दुई हजार ५०० देखि दुई हजार ७०० मिटरको उचाइसम्म देखिने गरेको छ ।

सिमसार क्षेत्र संरक्षणमा स्थानीय बासिन्दाको चासो बढ्दै जानु र चराको सिकार गर्ने क्रममा कमी आएपछि दुर्लभ प्रजातिका चरा देखिन थालेको चराविज्ञ डगौराको भनाइ छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### अध्यक्षका लागि...

उनले भने, 'सिफारिस समितिको हातमा ठूलो अवसर छ, यो पटक चुक्नु हुँदैन, विस्तृत शान्ति सम्झौताको कार्यान्वयन गर्नुपर्छ ।' उनले नियुक्ति गर्ने पदाधिकारी उपयुक्त भएनन् भने सबै नेपालीलाई लज्जाबोध हुने धारणा राखे ।

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सूर्य ढुंगेलले दुवै आयोगमा पदाधिकारी सिफारिस प्रक्रिया निष्पक्ष ढंगले गर्नुपर्ने बताए । 'स्वतन्त्र, सक्षम र निष्पक्ष पदाधिकारी सिफारिस गर्न जरुरी छ । यसअघि पदाधिकारी सिफारिसमा चुकेको हो,' उनले भने, 'नेतृत्वको मुख ताक्न लागियो भने यो प्रक्रिया र छनोटलाई निष्पक्ष बनाउन सक्दैनौं ।' उनले पीडितलाई न्यायको पर्खाइ लामो भएको र सिफारिस समितिले राजनीतिक हस्तक्षेपविना काम गर्न ध्यान दिनुपर्नेमा सुझाव दिए ।

पूर्वमन्त्री तथा वरिष्ठ अधिवक्ता गोविन्द बन्दीले सिफारिस प्रक्रिया विश्वसनीय बनाउनका लागि रोजगारीका लागि नभएर स्वतन्त्र र सक्षम व्यक्तिलाई पदाधिकारी बनाउनुपर्ने बताए । 'यो जागिर खाने संस्था होइन, नैतिकता, क्षमता, ज्ञानका आधारमा काम गरिदिनोस् भनेर ल्याउने ठाउँ हो,' उनले भने, 'अहिलेसम्मको प्रक्रियालाई हेर्दा राम्रा पदाधिकारी सिफारिस हुनेमा विश्वास मलाई छ ।'

मानव अधिकारकर्मी मन्दिरा शर्माले कुनै दलका व्यक्तिलाई व्यवस्थापन गर्न आयोगमा नपठाउन र सक्षम व्यक्ति सिफारिस गर्नका लागि खबरदारी आवश्यक भएको बताइन् । 'दलका मान्छेलाई व्यवस्थापन गर्न गर्ने ठाउँ होइन, स्वतन्त्र, सक्षम र निष्पक्ष रूपमा काम गर्न सक्ने व्यक्ति चाहिन्छ, हजारौंपटक छलफल र बहस भएको छ,' उनले भनिन्, 'न्याय, सत्य र परिपूरण चाहिएको छ भनेर पीडितहरूले भनिरहनुभएको छ, पीडितको चाहनालाई ध्यान दिन जरुरी छ ।' सिफारिस समितिले जवाफदेही भएर पदाधिकारी छनोट गर्नुपर्ने र शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनुपर्नेमा उनले जोड दिइन् ।

कार्यक्रममा अधिवक्ता राजुप्रसाद चापागाईंले 'संक्रमणकालीन न्याय प्रक्रियाको विश्वसनीयता' कार्यपत्र प्रस्तुत गर्दै पीडितको पीडा समयमै सम्बोधन गर्न सकिएन भने विष्फोट हुने खतरा भएको बताए । 'न्यायलयले पनि पीडितको आवाजमा साथ दिएको छ, अन्तर ाष्ट्रियस्तरमा पनि त्यतिकै चासोको विषय बनेको छ,' उनले भने, 'यो सत्ता राजनीतिको कार्ड पनि बन्यो, पीडितको भोगाइ नमिठो र तीतो भयो, यो पीडितलाई न्याय दिने कुरामात्रै होइन, यो देशको दशा र दिशा बदल्ने अवसर हो, योभन्दा ठूलो मानवअधिकारको विषय नेपालका लागि अरु केही छैन ।'

उनले संक्रमणकालीन न्याय प्रक्रियाका पीडितको मात्रै विषय नभएर आमजनताको मुद्दा भएको र संक्रमणकालीन न्यायलाई छाडेर मुलुक अगाडि बढ्न नसक्ने बताए । नेपाल ल क्याम्पस उपप्राध्यापक रुक्मणि महर्जनले संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन उपयुक्त पदाधिकारी सिफारिस गर्नु नै प्रमुख भएको बताए । उनले पदाधिकारी नियुक्ति पारदर्शी, नैतिकता तथा इमानदारितामा बढी ध्यान दिनुपर्ने र उपयुक्त पदाधिकारी नियुक्त हुनेमा आशावादी भएको बताए ।

गम्भीर मानवअधिकार उल्लंघन पीडितहरूको राष्ट्रिय सञ्जालका अध्यक्ष अध्यक्ष राम भण्डारीले पदाधिकारी सिफारिस प्रक्रिया विश्वसनीय बनाउन आवश्यक रहेको र पीडितलाई न्याय दिने खालको पदाधिकारी आउनुपर्नेमा जोड दिए । उनले अहिले ९० प्रतिशत पीडित कुन अवस्थामा छन् भन्ने बारेमा खोजी नै नभएको गुनासो गरे ।

द्वन्द्वपीडित महिला सञ्जालकी अध्यक्ष सिर्जना श्रेष्ठले लैंगिक सम्वेदनशीलतालाई ध्यानमा राखेर पदाधिकारी नियुक्त गर्नुपर्ने र त्यसले द्वन्द्वमा महिलामाथि भएको ज्यादतीलाई समेट्नुपर्नेमा जोड दिइन् । सञ्जालकी महासचिव सुशिला चौधरीले पीडितको नजरमा जागिर खाने दुई थान आयोगमात्रै देखिँदै आएको विगतको नजिर अब नहोर्‍याउनका लागि सर्वस्वीकार्य पदाधिकारी सिफारिस गर्नुपर्ने भनाइ राखिन् ।

एम्नेस्टी इन्टरनेसन नेपालका निर्देशक निराजन थपलियाले संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय बनाएर न्यायको लामो पर्खाइमा रहेका पीडितलाई न्याय हुनेगरी सिफारिस समितिबाट पदाधिकारी नियुक्त गर्न मिलोस् भन्ने उद्देश्य कार्यक्रमको आयोजना गरेको बताए ।

विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पूरा भइसकेको छ । तर संक्रमणकालीन न्यायको प्रक्रिया निष्कर्षमा पुग्न सकेको छैन । सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी सिफारिस हुने चरणमा छ । सिफारिस समितिमा पदाधिकारीका लागि १५६ व्यक्तिको आवेदन परेको छ। सिफारिस समितिले स्वतन्त्र, सक्षम र निष्पक्ष व्यक्तिलाई सिफारिस गरेर संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनुपर्नेमा मानव अधिकारकर्मी, पीडित तथा पत्रकारको सुझाव थियो ।

■ ■ ■

### स्वयम्भूनाथ क्षेत्रमा...

स्वयम्भूनाथको दर्शनमा आएका भुटानी नरेशलाई महासमितिका तर्फबाट 'धर्म उपहार' स्वरूप बुद्धको मूर्ति प्रदान गरी ११:४० बजे बिदाइ गरिएको थियो ।

नेपाल बुद्ध जन्मेको देश भएर पनि आफूहरूले नरेशलाई शान्ति नायक गौतमबुद्धको मूर्ति उपहार दिइएको महासमितिका अध्यक्ष भिक्षु धर्ममूर्तिले जानकारी दिए । यसबाट विश्वशान्ति अभियानमा थप बल पुग्ने उनको भनाइ छ । स्वयम्भूको भ्रमण सकेर नरेश बौद्धनाथको दर्शनका लागि प्रस्थान गरेका थिए । भुटानी नरेशले स्वयम्भूनाथ दर्शन, पूजाअर्चना र न्यानो आतिथ्यता पाएकामा निकै प्रशन्नता व्यक्त गरेको महासमितिका अध्यक्ष भिक्षु धर्ममूर्तिले जानकारी दिए ।

भुटानका नरेश स्वयम्भूनाथको दर्शनका लागि आउने जानकारी सुरक्षा निकायबाट प्राप्त भएसँगै महासमिति उनको भ्रमणलाई सफल बनाउन जुटेको थियो । स्वयम्भूनाथ परिसरमा बृहत् सरसफाइ गरिएको थियो । नरेशको स्वयम्भू भ्रमणलाई सफल बनाउन परराष्ट्र मन्त्रालय, पुरातत्त्व विभाग र सुरक्षा निकायसँगको समन्वयलाई महासमितिले चुस्त बनाएको थियो ।

परराष्ट्र, पुरातत्त्व र सुरक्षा निकायसँग छलफल गरेर महासमितिले भुटानी नरेशलाई स्वयम्भूको दर्शन, अवलोकन र पूजाआजाको प्रबन्ध मिलाएको थियो । भुटानी नरेशको विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भूनाथ क्षेत्रको भ्रमणबाट धार्मिक पर्यटन प्रवर्द्धनमा पनि बल पुग्ने स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिको विश्वास छ ।

'भुटानी नरेश यहाँ आउने भनेपछि हामी निकै खुसी भएका थियौं, स्वयम्भूनाथ क्षेत्रको ऐतिहासिक पक्षबारे उनले जानकारी गराउन पाउँदा गौरवान्वित छौं, छोटो तयारीमा पनि नरेशका स्वयम्भू भ्रमणलाई सफल बनाउन सक्यौं,' अध्यक्ष भिक्षु धर्ममूर्तिले भने, 'भुटानका नरेश स्वयम्भूनाथ पुगेर दर्शनसहित पूजाअर्चना गरेबाट बौद्ध धर्मावलम्बीमात्रै नभई विश्वभरका शान्तिप्रिय महानुभावलाई स्वयम्भूनाथको दर्शन गर्नुपर्छ भन्ने भाव जाग्ने छ, यसबाट नेपाललाई थप लाभ हुने छ ।'

नरेशको स्वयम्भू भ्रमणको उचित प्रबन्ध मिलाइदिएकामा अध्यक्ष धर्ममूर्तिले सरकारलाई धन्यवाद दिए । भुटानका नरेश भारत भ्रमण गरेर स्वदेश फर्कने क्रममा काठमाडौं 'ट्राञ्जिट' रहेकाले यहाँ आएका थिए । भुटानी नरेश आफू जन्मे, हुर्केको क्षेत्रको भ्रमणमा आउनु मुलुकका लागि महत्त्वको विषय भएको उनको बुझाइ छ । स्वयम्भूनाथ दर्शन गर्ने नरेशको चाहनालाई पूरा गर्न महासमितिका तर्फबाट आफूहरूले सहयोग गरेको बताउँदै उनले यसबाट नरेश प्रशन्न भएको विश्वास व्यक्त गरे ।

स्वम्भूपछि भुटानी नरेशले बौद्धनाथको दर्शन गरेका थिए। भुटानी नरेश वाङ्चुकलाई त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले स्वागत गरेकी थिइन् । भारतबाट स्वदेश फर्कने क्रममा काठमाडौं आएका उनी शुक्रबार नै स्वदेश फर्किएको परराष्ट्र मन्त्रालयले जनाएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई परराष्ट्रमन्त्री डा. राणाले बिदाइ गरेकी थिइन् । *रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०७।३० गते काठमाडौं, टोखा-११, बालुवापाटी O-B-C Cafe को पार्किङबाट कालो, रातो रङ्को 220 cc Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

नाम : बिराज लोहनी
बाइक नं.: बा.प्र. ०३-०५० प ०७५९
च्यासिस नं.: MD2A13EX5RCA80266
इन्जिन नं. : MDXCRA14549
ठेगाना: टोखा वडा नं.-१०, काठमाडौं
सम्पर्क: ९८५१०१५१५७



**साउदीमा रोजगार** कम्पनी : Brands Distributor Trading Est.

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 314982 चलानी नं. ६०२२९३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 1 | 0 | 1100 | ३९,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

**युएइमा रोजगार** कम्पनी : Trojan General Contracting LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/२० LT. No. 314888 चलानी नं. ६०२२९३२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 900 | ३३,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

**साउदीमा रोजगार** कम्पनी : Establishment Rode Al-Fares For Logistics

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 315054 चलानी नं. ६०२२९३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69
Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

**ओमनमा रोजगार** कम्पनी : TEA TIME BREAK LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 304786 चलानी नं. ६०२१९६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 150 | ५२,६२० | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | | २ वर्ष |
| 2 | Dish washer | 8 | 0 | 120 | ४२,०९५ | | | | | | | |
| 3 | Juice maker | 8 | 0 | 130 | ४५,६०५ | | | | | | | |
| 4 | Sandwich Maker | 10 | 0 | 150 | ५२,६२० | | | | | | | |
| 5 | Waiter | 5 | 0 | 140 | ४९,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Like International (Pvt) Ltd.** श्रम ईजाजत नं. १५८०/०७९/०८०
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444, Email: nocnepal@nassers.org

**युएइमा रोजगार** कम्पनी : SALIK CONCRETE CARPENTER CONT.

पूर्व स्वीकृति मिति : २०८०/१०/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 298995 चलानी नं. ६०२१३९९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 15 | 0 | 1100 | ३९,९०५ | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer Assistant | 15 | 0 | 800 | २९,०२० | | | | | | | |
| 3 | Carpenter | 20 | 0 | 1100 | ३९,९०५ | | | | | | | |
| 4 | Concrete Mason | 15 | 0 | 1100 | ३९,९०५ | | | | | | | |
| 5 | Construction Carpenter | 30 | 0 | 1100 | ३९,९०५ | | | | | | | |
| 6 | Messenger | 1 | 0 | 800 | ३९,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977 1 4359905/ 4385829/ 4385832,
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

**साउदीमा रोजगार** कम्पनी : MUVI CINEMAS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ LT. No. 314953 चलानी नं. ६०२२९३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 15 | 0 | 1200 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, २२ मंसिर, २०८१

| | |
|---|---|
| मेष | अरूको करकापमा काम गर्न बाध्य । |
| वृष | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| मिथुन | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| कर्कट | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| सिंह | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| कन्या | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| तुला | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| वृश्चिक | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| धनु | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| मकर | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| कुम्भ | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| मीन | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध


| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ मंसिर, २०८१ (०७ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.२८ | १३५.८८ |
| युरो | १ को | १४२.३९ | १४३.०२ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.०७ | १७२.८३ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.६९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.०७ | ८७.४५ |
| क्यानाडियन डलर | १ को | ९६.२३ | ९६.६५ |
| सिङ्गापुर डलर | १ को | १००.८५ | १०१.२९ |
| जापानी येन | १० को | ९.०१ | ९.०५ |
| चिनियाँ युआन | १ को | १८.६२ | १८.७० |
| साउदी अरब रियाल | १ को | ३६.०० | ३६.१६ |
| कतारी रियाल | १ को | ३७.११ | ३७.२७ |
| थाई भाट | १ को | ३.९६ | ३.९८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८३ | ३६.९९ |
| मलेसियन रिङ्गेट | १ को | ३०.५५ | ३०.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.५४ | ९.५८ |
| स्विडिस क्रोनर | १ को | १२.३७ | १२.४२ |
| डेनिस क्रोनर | १ को | १९.०९ | १९.१८ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४३९.९८ | ४४१.९३ |
| बहराइन दिनार | १ को | ३५८.७७ | ३६०.३६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**ऐतिहासिक ढुंगेधारा** | ललितपुरको पाटनमा अवस्थित ऐतिहासिक ढुंगेधारा (मंगहिटी)। यो धारामा निरन्तर मूलको पानी आइरहेको छ। *तस्बिर: हरिराम भेटुवाल/रासस*

# डढेलो र आगलागीको जोखिम: तयारी थाल्न विज्ञको सुझाव

■ नारायण ढुंगाना

**काठमाडौं–** पछिल्लो २४ घण्टामा देशका विभिन्न १६ ठाउँमा आगलागीका घटना भए । ती आगलागीका घटनाबाट चार जना घाइते भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मंसिर लागेपछि आगलागीका घटना बढ्न थालेको छ । दैनिक आगलागीका घटना भइरहेका छन् ।

वर्षा नभएको र चिसो मौसम बढिरहेकाले पनि अबको समय आगलागीको उच्च जोखिम हुने प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउँछन् । एक त ज्वलनशील वस्तु जम्मा हुन थालेको र अर्को जाडोमा आगो ताप्ने चलनले आगलागी र डढेलो बढ्छ । त्यहीअनुसार तयारी थालिएको पनि उनले बताए ।

अबको केही समयपछि डढेलोको जोखिम पनि उत्तिकै हुने भएकाले अहिलेदेखि नै तयारी थालिएन भने बढ्दो डढेलोको जोखिमले मानव तथा भौतिक सम्पत्तिमा ठूलो क्षति हुनसक्नेतर्फ विज्ञहरूले सचेत गराएका छन् । विज्ञहरूका अनुसार पछिल्लो एक दशकको तथ्यांक अध्ययन गर्दा नेपालमा डढेलोका कारण ठूलो जनधनको क्षति हुन थालेको छ । डढेलो मानव बस्तीमा सल्किने क्रम पनि बढिरहेको छ ।

विज्ञहरूले डढेलो लागेपछि नियन्त्रण गर्न कठिन हुने भएकाले डढेलो लाग्न नदिने उपाय खोजी गरी पूर्वतयारीलाई प्राथमिकता दिएर काम गर्नुपर्नेमा सुझाव दिएका छन् । यो क्रम अहिलेदेखि नै सुरू गर्नुपर्नेमा उनीहरूको सुझाव छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका डढेलोसम्बन्धीका विज्ञ सुदीप छतकुलीले आगलागीबाट नेपालमा १३ जिल्ला अति संवेदनशील र ११ जिल्ला संवेदनशील रहेको जानकारी दिँदै पछिल्लो समयमा डढेलो बढ्दै जानु चुनौतीको विषय भएको बताए । तर पनि कुनै न कुनै रूपमा आगलागी र डढेलोले देश नै प्रभावित हुने गरेको छ ।

उनले जंगलमा पत्कर, काठ तथा वन पैदावर बढ्दै जाँदा डढेलो लाग्ने क्रम बढेकाले त्यसको व्यवस्थापन जरूरी रहेको बताए । उनका अनुसार गएको वर्ष नेपालका ७४ जिल्ला डढेलो र आगलागीबाट प्रभावित भएको छ । शतप्रतिशतजस्तै डढेलो मानवीय कारणले लाग्ने गरेको पनि उनले बताए । उनका अनुसार ६४ प्रतिशत मानिसले जानीजानी डढेलो लगाउने गरेका छन् । ३१ प्रतिशत हेल्चक्रयाइँका कारण डढेलो लाग्ने गरेको छ । यसरी हेर्दा केही प्रतिशतबाहेक मानिसकै गतिविधिका कारण डढेलो लाग्ने भएकाले सचेत हुनेपर्नेमा उनले जोड दिए ।

डढेलोसम्बन्धीका अध्यक्ष एवं अर्का डढेलोसम्बन्धी विज्ञ डा. कृष्ण भुजेलले आगलागी हुने दिन पनि बढ्दै गएको बताए । उनले सिवालिक क्षेत्रमा बढी डढेलो लाग्ने गरेको जानकारी दिँदै जंगलबाट बस्तीमा डढेलो सल्किने क्रम पनि बढेको बताए । भुजेलले भने, 'विभिन्न कारणले बस्ती र वन जोडिन थालेको छ, त्यसैले वनमा लागेको आगो बस्तीमा सल्किने क्रम पछिल्ला वर्षहरूमा बढ्दै गएको हो, यसले ठूलो जनधनको क्षति गराइरहेको छ ।'

नेपालमा तथ्यांक हेर्दा बढी लुम्बिनी प्रदेशमा डढेलो लागेको छ । त्यसपछि सुदूरपश्चिम, कर्णाली, बागमती, मधेस प्रदेश, कोशी र गण्डकीमा डढेलोका घटना भएको छ । केही वर्षहरूमा गरिएको अध्ययनले डढेलो लाग्ने क्रम बढ्नु र क्षति पनि बढाउँदै लैजानुले डढेलो लाग्ने मौसमभन्दा केही महिना अगाडिदेखि नै रोकथामको तयारी थाल्न जरूरी रहेको उनले सुनाए । उनले यही मंसिर-पुसदेखि नै तयारी थाल्नुपर्नेमा जोड दिए ।

जंगल व्यवस्थापन प्रभावकारी नहुनु, वन पैदावर र जल्ने वस्तु थुप्रिँदै जानु, कृषि भूमि बाँझिदै गएर जंगलमा परिणत हुनु र त्यसले बस्तीसम्म फैलिँदा घरमा पनि डढेलो पुग्नु, जलवायु परिवर्तनलगायत कारण आगलागी बढिरहेको विज्ञहरू बताउँछन् । डा. भुजेलले अब ज्वलनशील पदार्थ जंगलबाट हटाउन नसके डढेलो र आगलागी भयावह हुनेतर्फ सरकारले बेलैमा ध्यान दिनुपर्ने बताए । उनले तल्लो स्थानीय तहदेखि केन्द्रसम्मका निकाय सक्रिय भएर लाग्न सके डढेलोकै लागि कमाण्ड पोस्ट निर्माण गरी फायर फाइटिङ टिम निर्माण गर्न जरूरी रहेको बताए । उनले डढेलो लाग्नै नदिने उपायको खोजी गर्नतर्फ ध्यान दिनुपर्ने सुझाव दिए ।

वन तथा भूसंरक्षण विभागका उपमहानिर्देशक दीपक ज्ञवाली गएको वर्ष ७४ जिल्लामा पाँच हजारभन्दा बढी डढेलोका घटना भएको जानकारी गराउँदै जंगल र घरसँगसँगै जोडिन पुग्दा जंगलमा लागेको डढेलो घरसम्म आइपुग्ने गरेको र जनधनको क्षति भइरहेको बताउँछन् । जंगलका प्रज्वलनशील पदार्थ हटाउन सके डढेलो नियन्त्रणमा सहयोग पुग्ने हुँदा अब वन व्यवस्थापन यसतर्फ केन्द्रित हुनुपर्नेमा उनको जोड छ ।

विपद्सम्बन्धी अगुवाइ गर्ने संस्था गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण हो । तर पनि अन्य बाढीपहिरोजस्ता विपद्लाई झैँ डढेलोलाई प्राथमिकता दिन अझै सकिएको छैन । प्राधिकरण आएपछि केही प्रयास भएका छन्, तर पर्याप्त छैन ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल वन व्यवस्थापनलाई कसरी व्यवस्थित र बलियो बनाउने भन्नेबारे वर्तमान आवश्यकतासहितको राष्ट्रिय रणनीति आवश्यक भएको बताउँछन् । त्यसका लागि प्राधिकरणले आवश्यक प्रक्रिया अघि बढाइसकेको र तयारीमा जुट्न कर्मचारीहरूलाई निर्देश गरिसकिएको उनले बताए । डढेलो जोखिम न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि सँगसँगै वनमा थुप्रिएर बसेका सुकेका पत्कर हरूको उचित व्यवस्थापन गर्न सबै क्षेत्रको समन्वयात्मक भूमिका र अग्रसरता जरूरी रहको उनी बताउँछन् ।

उनका अनुसार प्राधिकरणले भर्खरैमात्र डढेलोको विपद् न्यूनीकरणसम्बन्धी राष्ट्रिय बहस सम्पन्न गरेको छ । उक्त बहसले महत्त्वपूर्ण सुझाव दिएकाले त्यसलाई कार्यान्वयनका लागि प्राधिकरणले पहल थालेको र संयुक्त कार्य अघि बढाउने विषयमा आह्वानसमेत गरिएको बताए । *रासस*

# 'रुघाखोकी लाग्दैमा जथाभावी औषधि खानु हुँदैन'

**काठमाडौं–** काठमाडौंसहित देशभर अत्यधिक चिसो बढ्न थालिसकेकाले यो मौसममा रुघाखोकी लाग्दैमा औषधि किनेर नखान विज्ञहरूले सुझाव दिएका छन् । जाडो मौसममा विशेषगरी बालबालिका तथा ज्येष्ठ नागरिकलाई बढी स्याहारको आवश्यकता पर्दछ । विज्ञहरूले जाडो मौसममा बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी, रुघाखोकी, घाँटीको संक्रमण, पेट दुखाइलगायत समस्या बढी देखिने भन्दै आवश्यक सावधानी अपनाउन आग्रह गरेका हुन् ।

कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा. रामहरि चापागाईंले जाडोमा विशेषगरी श्वासप्रश्वाससम्बन्धी रुघाखोकी, निमोनिया, 'कोल्ड डाइरिया' (चिसोले हुने झाडापखाला) का समस्या बढी देखिने बताए । 'चिसोबाट बालबालिकालाई जोगाउन पौष्टिक आहारको जरुरत पर्दछ । जुनसुकै समयमा पनि बालबालिकालाई पौष्टिक आहार आवश्यक पर्ने भए पनि जाडोमा अन्य समयमाभन्दा बढी चाहिन्छ । यसले साधारण रोग पचाउन सहयोग गर्छ,' उनले भने । साथै सरकारले उपलब्ध गराएका सबै खोप लगाउनुपर्ने उनको भनाइ छ ।

'खोप लगाएका बच्चालाई अरुलाई भन्दा कम रोग लाग्छ । दादुराको खोप लगाएका बच्चालाई निमोनिया हुने जोखिम कम हुन्छ,' डा. चापागाईंले भने । जाडोमा बालबालिका चिसो मानेर नुहाउन नमान्ने, हातखुट्टा धुन गाह्रो मान्ने भएकाले पनि रोगको संक्रमण बढी देखिने उनको भनाइ छ । रुघाखोकी लाग्दैमा औषधि खानु वा खुवाउनु नहुने भन्दै कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा. चापागाईंले निरन्तर रुघाखोकी लागेमा विशेषज्ञ चिकित्सकको परामर्श लिनुपर्नेमा जोड दिए । डा. चापागाईंले भने, 'सरसफाइमा ध्यान दिनसके जाडो वा गर्मीमा रोग लाग्ने सम्भावना कम रहन्छ । बच्चाहरू चिसोमा नुहाउन अल्छी मान्छन् । सरसफाइ नहुँदा छालाका रोग पनि देखिन सकिन्छ ।' उनले जाडो याममा कोठा न्यानो राख्न हिटर तथा कोइला बाल्दा जहिले पनि सफा हावाको आवतजावत हुने वातावरण बनाइराख्न र झ्याल तथा ढोका ड्याम्म नलगाउन आग्रह गरे ।

त्रिवि शिक्षण अस्पतालकी बाल स्वास्थ्य नर्सिङ विभागकी सहप्राध्यापक अप्सरा पाण्डेले जाडो मौसम सुरु भएसँगै अभिभावकले आफ्ना बालबालिकालाई पर्याप्त मात्रामा झोलिलो खान, न्यानो लुगा लगाइदिन, दैनिक १५ देखि ३० मिनेट घाम ताप्न लगाउनेलायत काम गर्नुपर्ने बताइन् । उनले भनिन्, 'घाम ताप्दा शरीरलाई चाहिने भिटामिन डी प्राप्त हुन्छ र प्रतिरक्षा प्रणाली बलियो बनाउन सहयोग गर्छ । संक्रमणको उच्च जोखिममा रहेका बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह लिएर भाइरल फ्लूविरुद्धको खोपसमेत दिन सकिन्छ । श्वासप्रश्वासको संक्रमण भएका व्यक्तिको सम्पर्कमा जाँदा मास्क लगाइदिनुपर्छ ।'

बाल स्वास्थ्य नर्स डा. सुरक्षा सुवेदीले पनि जाडोमा बालबालिकालाई अझ बढी स्याहारको आवश्यकता पर्ने हुनाले तातो तथा झोलिलो खानेकुरामा जोड दिनुपर्ने बताइन् । उनले भनिन्, 'बिहान र साँझ अत्यधिक चिसो हुने भएकाले बच्चालाई चिसोमा खेल्न दिनुहुँदैन । रुखाखोकी लाग्दैमा जथाभावी औषधि किनेर खुवाउनु हुँदैन । घरभित्रै उफ्रिने खालका व्यायाम गराउँदा उपयुक्त हुन्छ ।'

डा. सुवेदीले बालबालिकालाई राति सुत्ने समयमा न्यानो बनाउन मोजा र टोपी अनिवार्य लगाइदिन अभिभावनलाई आग्रह गरिन् । 'जाडोमा छाला सुख्खा भइराख्ने हुनाले 'मोस्चराइजर' लगाइदिनुपर्छ । हिटर बालेर मसाज गर्दा पनि धेरै बेरसम्म बाल्नुहुँदैन । छालामा असर गर्न सक्छ,' उनले भनिन् । कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा. चापागाईंले जाडोमा बालबालिकालाई रुघाखोकी बढी देखिने भएकाले अभिभावक आत्तिनु नहुने बताए । उनले भने, 'जाडो याममा बच्चाहरूलाई गर्मीमा भन्दा बढी रुघाखोकी लाग्छ । रुघाखोकी लगाउने भाइरस जाडो मौसममा बच्चाको घाँटीमा बढी समयसम्म रहिरहन्छ । सर्न सक्ने सम्भावना पनि बढी हुन्छ ।'

पौस्टिक आहार, झोलिलो खानपिन, पर्याप्त मात्रामा आराम गर्दा भाइरल रुघाखोकी पाँच-छ दिनमा हराएर जाने डा. चापागाईंले बताए । उनले रुघाखोकी लाग्दैमा औषधि जथाभावी पसलबाट औषधि किनेर खुवाउन हतार नगर्न अभिभावकलाई सुझाए । 'रुघाखोकी लागेमा न्यानो राख्ने, झोल खानेकुरामा ध्यान दिने र आराम गराउँदा बच्चा निको हुन्छ । रुघाखोकीसँगै सास फेर्न गाह्रो भएमा, कोखा हानेमा, धेरै ज्वरो आएमा, बच्चाले खाना कम गरेमा स्वास्थ्यकर्मीको सल्लाहअनुसार औषधि सेवन गर्नुपर्छ,' बालरोग विशेषज्ञ डा. चापागाईंले भने । *रासस*

# क्यान्सर विशेषज्ञ डा. ज्ञवालीलाई फेलोसिप

**काठमाडौं (प्रस)–** क्यान्सर विशेषज्ञ डा. विशाल ज्ञवालीलाई अमेरिकन सोसाइटी अफ क्लिनिकल अंकोलोजी (आस्को)ले 'फेलो'को रूपमा चयन गरेको छ । डा. ज्ञवाली अस्कोबाट यो फेलोसिप पाउने पहिलो नेपाली चिकित्सक बनेका छन् ।

अस्कोकाअनुसार क्यान्सर र क्यान्सरका बिरामीको सेवामा योगदान पुर्‍याउनेलाई यो फेलोसिप दिइन्छ । डा. ज्ञवालीले क्यान्सरको उपचारको क्षेत्रमा गरेको मिहेनत, लगाव र योगदानको मूल्यांकन गरी उक्त फेलोसिप प्रदान गरिएको अस्कोले जनाएको छ । अस्कोले एक चिठी पठाउँदै ज्ञवालीलाई 'फेलो अफ अमेरिकन सोसाइटी अफ क्लिनिकल अंकोलोजी' (फास्को) चयन भएको जनाएको हो । यो फेलोसिपका लागि कुनै आवेदन दिएर नभई अंकोलोजी (क्यान्सर)को क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउनेलाई मात्र दिइन्छ ।

डा. ज्ञवालीले अंकोलोजीको क्षेत्रमा संसारको प्रतिष्ठित संस्थाबाट चुनिन पाउँदा खुसी व्यक्त गरे । उनले भने, 'अंकोलोजी क्षेत्रको सबैभन्दा ठूलो छाता संगठन आस्कोबाट फेलोका रूपमा चयन हुँदा खुसी छु, त्यसमाथि पहिलो नेपाली हो भनेर थाहा पाउँदा झन् खुसी भएको छु ।' हाल क्यानडाको क्वीन्स विश्वविद्यालयमा सहप्राध्यापकका रूपमा कार्यरत डा. ज्ञवाली क्यान्सर अनुसन्धान र बिरामीको सेवा पनि गर्दै आएका छन् । उनले हरेक वर्ष नेपाल आएर क्यान्सरको नयाँ उपचार विधिबारे अन्तरक्रिया गर्ने र क्यान्सरसम्बन्धी जनचेतना फैलाउने काम गर्दै आएका छन् । बुटवलमा जन्मिएका डा. ज्ञवाली २०५९ सालको एसएलसी बोर्ड फस्टसमेत हुन् ।

# 'न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन गोला प्रणाली उपयुक्त छ'



**काठमाडौं (प्रस)–** प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन गोला प्रणालीबाट पेसी व्यवस्थापन गरिएको बताएका छन् । सर्वोच्च अदालतमा गोला प्रणालीबाट हुने पेसी व्यवस्थापन प्रक्रिया अवलोकन गर्न शुक्रबार आयोजित पत्रकार सम्मेलनमा प्रधानन्यायाधीश राउतले न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन पेसी व्यवस्थापनमा गोला प्रणाली अवलम्बन गरिएको बताए ।

'न्यायालयलाई पारदर्शी र विश्वसनीय बनाउन जरुरी छ, गोला प्रणालीको प्रयोगपछि यसले पूर्णता पाएको छ,' प्रधानन्यायाधीश राउतले भने, 'हरेक दिन गोला प्रणालीले गर्दा इजलासमा आउने नयाँ विषयका विषयमा पनि छलफल गरिन्छ, समस्या देखिए कानुनी बाटो खोजेर सल्टाउने काम गरिन्छ ।' उनले इजलासमा हरेक दिन केही नयाँ विषय आउने गरेको र पुराना मुद्दाका साथै धेरै मुद्दाको आदेश वा फैसला गरेका विषयमा पनि छलफल हुने गरेको जानकारी गराए ।

सर्वोच्च अदालतमा २०७८ मंसिर १५ गतेदेखि गोला प्रणालीबाट मुद्दाको पेसी व्यवस्थापन गर्न थालिएको हो । सोही वर्ष माघ २ गतेदेखि उच्च अदालत र जिल्ला अदालतमा पनि गोला प्रणालीबाट मुद्दाको पेसी व्यवस्थापन गर्न सुरु गरिएको हो । सिसौको काठमा फरक-फरक रङ लगाएका गोला रहेका छन् । ती गोलामा एकल इजलास, मुद्दाको समूह र न्यायाधीशको संख्या राखिएको हुन्छ । गोलाहरू कालो एउटा झोलामा राखिन्छ अनि न्यायाधीशले त्यसलाई निकाल्ने गर्छन् । गोला तानेपछि इजलास गठन हुन्छ र मुद्दा कुन-कुन पर्छ भन्ने थाहा हुन्छ ।

सर्वोच्च अदालतमा दैनिक बिहान १० बजेर १० मिनेटमा गोला प्रणाली सुरु हुन्छ । सर्वोच्च अदालतमा शुक्रबारसम्म २६ हजार ५१ थान मुद्दा रहेका छन् । आठ वर्ष नाघेका मुद्दा १५४ थान छन् । आठ वर्ष पुराना मुद्दा २०८२ सम्म शून्यमा झार्ने अभियानका साथ अदालतले काम गरिरहेको छ । सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित १७ न्यायाधीश छन् । नेपालको संविधानले प्रधानन्यायाधीशसहित २१ न्यायाधीश रहने व्यवस्था छ । तर समयमा पदपूर्ति नहुँदा न्यायाधीशको संख्या पूर्ण हुन सकेको छैन ।

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं
**दावी विरोध सम्बन्धी सूचना**
प्रकाशित मितिः २०८१/०८/२२

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री पश्चिम नेपाल ओभरसिज प्रा.लि.** (ई.प.नं.८४९/०६६/०६७) ले यस विभाग समक्ष इजाजतपत्र रद्द गरी बैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८१/०८/२० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२२

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ११७ को १८३५.४३ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ६.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**हिमचुली सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–४, मकवानपुर**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२२

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १३ को ५१२.५४ घनफिट काठ र साल जातको दाउरा १.२५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**हात्ती सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–१, मकवानपुर**

**कतारमा रोजगार** कम्पनी : MICRO HEALTH LABORATORIES
पूर्व स्वीकृति मिति : २०८०/०३/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 307464 | चलानी नं. ६०२२३७८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 3 | 0 | 1500 | ५५,१४५ | | | | | | | |
| 3 | General Clean Worker | 5 | 0 | 1000 | ३६,७६५ | | | | | | | |
| 4 | Lab Technician | 2 | 2 | 2600 | ९५,६०० | | | | | | | |
| 5 | Nurse | 1 | 2 | 4200 | १५४,४१५ | | | | | | | |
| 6 | Salesman | 0 | 3 | 1300 | ४७,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

**कतारमा रोजगार** कम्पनी : ALSADAQAT LILAEMAL ALMUTAUAMILA
पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 315010 | चलानी नं. ६०२२९३६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५५,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Workers | 9 | 5 | 1000 | ३७,०९५ | | | | | | | |
| 3 | GROUND STEWARD | 2 | 0 | 1400 | ५१,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

**युएईमा रोजगार** कम्पनी : GOLDEN SAFETY PROPERTY GUARD SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 297451 | चलानी नं. ६०२१२७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 5 | 8 | 1000 | ३६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Life Guard | 1 | 0 | 1200 | ४४,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६

# मनोरञ्जन क्षेत्रमा हिंसा

# ‘रंगीन’ क्षेत्र नै ‘रंगहीन’



▸▸ **टीकाराम सुनार** / काठमाडौं

देशको राजधानी, सिन्धुपाल्चोककी शान्तिमाया लामाका लागि कुनै बेला सपनाको सहर थियो । रंगहीन जीवनमा रङ भर्ने सपनाका कारण यो सहर उनका लागि अन्तिम गन्तव्य बन्यो । अनि सुरु भयो उमेरले १४ नकट्दै सपना पछ्याउने यात्रा । ‘हो, जीन्दगी रंगहीन नै थियो, बुबाले अर्को बिहे गरेर हामीलाई जीवित भएर पनि टुहुरो बनाउनुभयो । लालनपालन, पठनपाठनको ठेगान थिएन, आर्थिक अवस्था कमजोर भएपछि यस्तै हुँदोरहेछ,’ शान्तिमायाले भनिन्, ‘त्यसैले सिन्धुपाल्चोकमा पूरा हुन नसकेका सपना काठमाडौंमै पूरा गर्ने अभिलाषासहित बाल्यकालमै घरको आँगन छोड्नुपर्‍यो ।’

कलिलो उमेर, कलिलै सपना । पुग्नु धेरै पर थियो तर उडान भर्ने कसरी ? उत्तर थिएन उनीसँग । ‘धेरैले भन्ने गर्थे काठमाडौं त ठूलो सहर, अवसर पनि ठूलै होलान् । त्यसैले कामसँगै पढाइ अगाडि बढाउँदै बाँकी सपना पछ्याउन पाइएला भन्ने सोचेकी थिएँ । अहँ ! सोचेको पूरा भएन,’ शान्तिमायाले विगत स्मरण गर्दै भनिन् ।

सीप थिएन, थियो त नृत्य गर्ने सौख । त्यसैले साथीभाइको लहलहमै सुरु भयो नृत्यशाला (डान्सबार, रोधीघर, दोहोरीसाँझ आदि) को खोजी । दिनभरि पढ्न पाइने, रातिराति काम गरे हुने, यस्तो सुनेपछि उनलाई लाग्यो योभन्दा उत्तम विकल्प अरु के होला ! तर सजिलो थिएन यस क्षेत्रमा गर्नुपर्ने संघर्ष । यो प्रसंग सुरु हुँदै गर्दा उज्यालो शान्तिमायाको अनुहार धपक्क निभेझैं भयो । ‘घरको कमजोर अवस्थाले १५ वर्षको कलिलो उमेरमै काठमाडौंतर्फ डोर्‍यायो, साथीभाइको लहलहैले दोहारी साँझ । त्यसपछि जीन्दगीको अँध्यारो यात्रा सुरु भयो,’ शान्तिमायाले मनको बह पोख्न सुरु गरिन् ।

नयाँ ठाउँ, नयाँ परिवेश । नयाँ सपना, नयाँ जोश । शान्तिमायामा धेरै दिन टिकेन त्यो । ‘मसँग राम्रो लुगा पनि थिएन । साहुले लुगा, बस्ने ठाउँसहित काम त दिन्छु तर तीन महिना कामसम्म तलब हुँदैन, सामान्य खर्चका लागि तीन हजार रूपैयाँमात्रै दिन्छु भने । अरु विकल्प थिएन, वेटरका रूपमा काम गर्न राजी भएँ,’ उनले भनिन्, ‘अँध्यारो, डरलाग्दो ठाउँ । चुरोट, जाँडरक्सी खाने मान्छे, मात लागेपछि होस गुमाउने, छुन खोज्ने, मलाई नै मद्यपान गर्न लगाउने । साहुलाई भन्दा ठीकै छ नि त, धेरै सामान बेचियो भने तिमीलाई पनि त पैसा आउँछ भन्थे । मलाई त बेचबिखनमै परेजस्तो लाग्यो सुरुकै दिन ।’

तीन महिना कटयो तर तलब बढेन । त्यही बीचमा शान्तिमायाको सहकर्मीसँगै प्रेम भयो र नयाँ ठाउँमा जागिर । त्यहाँ उनको तलब पाँच हजार रूपैयाँ तोकियो । १५ वर्ष नकट्दै विवाह भयो । यहाँ पनि सोचेजस्तो भएन । यो संघर्षको अर्को चरण थियो । शान्तिमायाले भनिन्, ‘प्रेम, विवाह र संघर्ष एकैपटक सुरु भयो । नयाँ जागिर सुरु गरेको केही समयमै गर्भ रहयो । तीन महिनापछि काम गर्न नसक्ने भएपछि साहुले कामबाट निकाले । फेरि बेरोजगार । श्रीमान्को व्यवहार परिवर्तन भयो, हिंसा गर्न थाल्नुभयो । कलिलै उमेरमा गर्भ, त्यसैमाथि हिंसा, उफ !’

कैयन दुःख सहेर छोरी जन्मिइन् । श्रीमान् थप हिंस्रक बन्न थाले । छोरी एक वर्षकी भएपछि शान्तिमायाले फेरि काम सुरु गरिन् । पहिले वेटरको काम गर्ने उनलाई अब स्टेज भएको ठाउँमा डान्सरको रूपमा काम गर्ने मन लाग्यो । अरु काम गर्दा हिंसा बेहोर्नुपरेकी उनलाई यस्तो काम गर्दा सजिलो होला भन्ने लागेको थियो । ‘छोरीलाई कोठामा थुनेर जान्थें । कार्यस्थलमा नथाकुञ्जेल नाच्ने, ग्राहकसँग बस्नुपर्ने । नचाहँदा नचाहँदै पिउनुपर्ने, ग्राहकको रुचिअनुसार गर्नुपर्ने । घरमा श्रीमान् थप पीडा दिन थाले । अन्ततः सम्बन्ध टुटयो,’ उनले पीडा सुनाइन्, ‘काममा समस्या, त्यसैमाथि श्रीमान्को ज्यादति । १५ वर्षमा प्रेम र विवाह, १६ वर्षमा बच्चा र १७ वर्ष नपुग्दै सम्बन्ध विच्छेद । अहिले छोरी आठ वर्षकी भइन् । जीन्दगी जेनतेन चलेकै छ ।’

उनले रोजगारीका दौरान पटक-पटक शारीरिक, मानसिक र यौनजन्य हिंसा भोग्नुपरेको सुनाइन् । महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा काठमाडौंको एउटा कार्यक्रममा भेटिएकी शान्तिमायाले आफूले भोगेजस्तो समस्या मनोरञ्जन क्षेत्रका धेरैले भोग्न बाध्य हुनुपरेको सुनाइन् । लाखौं मान्छेलाई रोजगारी दिइरहेको मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र आवरणमा रंगीन देखिए पनि व्यवहारमा रंगहीन रहेको उनको कथन छ । ‘मैले काम सुरु गर्दै गर्दा उमेर, रुचि, सीपबारे केही सोधिएन न त नियुक्तिपत्र दिएर काममा लगाइयो । शारीरिक, मानसिक र यौन दुर्व्यवहार त्यस्तै । ग्राहकमात्रै होइन, साहुबाट पनि हिंसा खेप्नुपर्ने । सबैतिर उस्तै छ र सबै जनाले हिंसा भोग्छन् त म भन्दिन तर यो क्षेत्र समस्याले जेलिएको छ,’ शान्तिमायाको निष्कर्ष हो यो ।

मनोरञ्जन क्षेत्रमै क्रियाशील लगनशील किशोरी समूहकी अध्यक्ष शिवानी मगर यस क्षेत्रमा धेरैजसो महिला श्रमिक १८ वर्षमुनिका हुनु, न्यून पारिश्रमिक, यौनजन्य हिंसा र सामाजिक रूपमा हेलोहोचो गरिनुजस्ता समस्या रहेको बताउँछिन् । कार्यरत श्रमिकले सुरक्षाको अभावमा विभिन्न प्रकारका दुर्व्यवहार खेप्नु परिरहेको उनले सुनाइन् । ‘मैले पनि १७ वर्षमै क्याफे तथा रेस्टुरेन्टमा काम गरें । समयमा तलब नपाइने, कार्यस्थलमा गलत मनसायका साथ छुन खोज्ने समस्या भोग्नुपर्थ्यो,’ मगरले भनिन्, ‘कलिलो उमेरमा काम गर्नुपर्ने, काम गर्दागर्दै विवाह हुने, बच्चा जन्मिने र त्यसपछि थप हिंसा बेहोर्नुपर्ने समस्या छन् । त्योभन्दा ठूलो समस्या भनेको यो क्षेत्रमा काम गर्नेलाई हेर्ने नजर नै गलत छ । त्यसैले चौतर्फी हिंसाको सामना गर्ने अवस्था अन्त्य गर्न सबै जिम्मेवार बनौं ।’

नृत्यंगना अल्का श्रेष्ठ मनोरञ्जन क्षेत्रमा काम गर्नेहरू सबै गलत हुन्छन् र जे गरे पनि हुन्छ भन्ने आमग्राहकको सोचमै परिवर्तनको आवश्यकता देख्छिन् । यस्तै व्यवसायीमा श्रम अधिकारलाई बेवास्ता गर्ने र जसरी पनि धेरै पैसा कमाउनुपर्छ भन्ने मानसिकता हाबी हुँदा थप हिंसा हुने गरेको उनको अनुभव छ । ‘मनोरञ्जन भन्नेबित्तिकै सबै गलत नै हुन्छन् भन्ने हुँदैन तर ग्राहकले गलत मानसिकता राखेर आउने, जिस्क्याउने, होच्याउने, कुनै महिला श्रमिक मन परेमा मूल्य तोकेर आफूसँग हिंड्न, रात बिताउन दबाब दिने समस्या छ ।

माथि उल्लेख गरिएका त केही प्रतिनिधिमूलक उदाहरणमात्रै हुन्, विभिन्न अध्ययनले पनि यस्तै समस्या औंल्याएका छन् । शक्ति समूहले सन् २०२३ मा देशका तीन सहरमा गरेको मनोरञ्जन क्षेत्रमा श्रमिक अधिकारहरूको कार्यान्वयन स्थितिसम्बन्धी अध्ययनले श्रम कानुनको उचित पालना नहुँदा धेरैजसो समस्याहरू देखिने गरेको उल्लेख गरेको छ । पोखरा, इटहरी र काठमाडौंका ५०७ नमूना उत्तरदाताहरूलाई आधार मानेर गरिएको सो अध्ययनले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) उचित कामको परिभाषाअनुसार काम नभएको देखाएको छ ।

अनुसन्धानले कूल उत्तरदातामध्ये ४६ प्रतिशतले कार्यस्थलमा कुनै न कुनै प्रकारको दुर्व्यवहार अनुभव गरेको देखाएको छ । स्थान विशेषमा पोखरामा ६९, काठमाडौंमा ४५ र इटहरीमा २३ प्रतिशत उत्तरदाताले दुर्व्यवहारका घटना अनुभव गरेको देखाएको छ । क्षेत्र विशेषमा डान्सबारका ७३, दोहोरी ५१, मसाज पार्लर ३४, क्याबिन ३० र खाजा घरका ३० प्रतिशत उत्तरदाताहरूले दुर्व्यवहारको अनुभव गरेको जनाएको अध्ययन प्रतिवेदनमा उल्लेख छ । ‘विशेषगरी शब्द, शारीरिक, मनोवैज्ञानिक, यौन, भेदभाव र अन्य प्रकारका दुर्व्यवहारहरू ग्राहक, रोजगारदाता, सहकर्मी, पुरुष र महिलाहरू, प्रहरी, समुदायका सदस्यहरू, श्रीमान्, प्रेमी, साथीहरू आदिबाट दुर्व्यवहार हुने गरेको छ । त्यसमध्ये १८ प्रतिशतले पुलिस र ५ प्रतिशतलेमात्रै गैरसरकारी संस्थामा दुर्व्यवहार र हिंसामा परेको भनेर सहयोग माग्न जाने गरेका छन्,’ अध्ययनमा भनिएको छ ।

यतिमात्रै होइन, श्रम ऐन, २०१७ ले कुनै पनि व्यक्तिलाई सम्झौताविना काममा लगाउनु हुँदैन भने पनि सो अध्ययनले केवल ३२ नमूना उत्तरदाताहरू अर्थात् छ प्रतिशतसँग मात्रै लिखित कामको सम्झौता रहेको देखाएको छ । ‘रोजगारदाता श्रम अधिकारसँग सम्बन्धित कानुनी झन्झटहरूबाट बच्नका लागि कर्मचारीहरूलाई लिखित सम्झौता दिनमा हिच्किचाएका उनीहरूको कथन थियो । इटहरीका केवल १२ प्रतिशत र काठमाडौंका सात प्रतिशत नमूना उत्तरदाताहरूले लिखित सम्झौता राखेको पाइएको थियो । पोखरामा कुनै पनि उत्तरदातासँग लिखित सम्झौता थिएन,’ प्रतिवेदनमा भनिएको छ ।

यस्तो हुँदा सबैभन्दा बढी समस्यामा पर्ने भनेका महिला र बालिका नै हुन् किनकि यस क्षेत्रमा कार्यरत श्रमिकमध्ये करिब ८० प्रतिशत महिला रहेको जानकारहरूको भनाइ छ । यस क्षेत्रका श्रमिकको अधिकारको पैरवी गरिरहेको विश्वास नेपाल नामक गैरसरकारी संस्थाले गरेको ‘मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरूको अवस्थाबारे विषयगत अध्ययन प्रतिवेदन, २०७९’ ले कूल उत्तरदातामध्ये ९.४ प्रतिशतले मात्रै नियुक्तिपत्र पाएको र सात प्रतिशतसँग मात्रै श्रम सम्झौता गरिएको देखाएको छ ।

काठमाडौं र ललितपुरका विभिन्न स्थानमा कार्यरत श्रमिकसहित ३०२ जनालाई आधार मानेर यो अध्ययन गरिएको थियो । प्रतिवेदनमा भनिएको छ, ‘३०.८ प्रतिशतले कार्यस्थलमा यौनजन्य हिंसा तथा दुर्व्यवहार सामना गर्नुपरेको तर तीमध्ये १५.२ प्रतिशतले आफ्नो र जागिरको सुरक्षाका लागि सहेर बसेको जनाएका थिए । हिंसामा पर्नेमध्ये ३६.७ प्रतिशत महिला र १७.४ प्रतिशत पुरुष रहेको कुराले यस क्षेत्रमा महिला भएकै कारण हिंसा हुने दर उच्च रहेको देखाउँछ र १२ प्रतिशतले चाहेको बेला जागिरसमेत छोड्न नपाउने बताएका छन् ।’

यस क्षेत्रका श्रमिकहरू पनि आफ्नो अधिकारबारे बेखबर जस्तै छन् । यस विषयमा जानकारी दिने, अनुगमन गर्ने र अधिकारको पैरवी गर्ने काम पनि बृहत् रूपमा भएको पाइँदैन । विश्वास नेपालको सोही अध्ययनले ४०.५ प्रतिशतले सेवा क्षेत्रका मुख्य सरोकारवालाबारे थाहा नै नपाएको, ४९.८ प्रतिशतले कार्यस्थलमा कुनै अनुगमन नभएको र ५१.८ प्रतिशतले कार्यस्थलमा कुनै आचारसंहिता लागू नभएको बताएको पनि उल्लेख गरेको छ ।

सोही संस्थाको अर्को एक अध्ययन प्रतिवेदनमा भनिएको छ, ‘अमेरिकी विभाग मोनिटर एण्ड कम्ब्याट ट्र्याफिकिङ २०२० को प्रतिवेदनअनुसार नेपालमा मानव बेचबिखनका दलालहरूले नेपाली केटाकेटीहरूलाई सडक, डान्सबार, मसाज पार्लर र क्याबिन रेस्टुरेन्टलगायत सत्कार क्षेत्रजस्तो स्थानमा यौन क्रियाकलापमा संलग्न गराउने जनाएको छ । ती यौनकर्मीहरूले निजी अपार्टमेन्टहरू, भाडाका कोठा, गेस्टहाउस र रेस्टुरेन्टहरूलाई यौन बेचबिखन स्थानका रूपमा प्रयोग गर्छन्,’ त्यहाँ उल्लेख छ, ‘यस क्षेत्रमा प्रवेशबारे एउटा अध्ययनले भन्छ कि अधिकांश श्रमिकहरू अर्थात् ६२ प्रतिशतले १८ वर्षमुनिकै उमेरमा काम सुरु गर्छन् ।... यी ठाउँहरूमा काम गरिरहेका व्यक्ति चाहे १२ वर्षका हुन् वा २१, श्रमिकहरूले विभिन्न शोषणको सामना गरिरहेका छन् ।’

शारीरिक, मानसिक, यौनजन्य हिंसामात्रै होइन पछिल्लो समय यो क्षेत्र मानव बेचबिखनको उच्च जोखिममा पर्दै गएको जानकारहरू बताउँछन् । सामरी उत्थान सेवाले गरेको एक अध्ययनको पृष्ठभूमिमा भनिएको छ, ‘नेपालमा मानव बेचबिखनबाट प्रभावित हुनेहरूमध्ये ६८.४९ प्रतिशत घटनाहरू आन्तरिक मानव बेचबिखनसँग सम्बन्धित छन् । त्यसमा पनि वयष्क मनोरञ्जन क्षेत्र सबैभन्दा ठूलो क्षेत्र हो । यसले नेपालमा हुने मानव बेचबिखनको सबैभन्दा धेरै अर्थात् १८ प्रतिशत हिस्सा ओगट्छ ।’

राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ ले मानिसको जीवनशैलीमा आएको परिवर्तन, विश्वव्यापीकरण, प्रविधिको विकास एवं विस्तार, बढ्दो आप्रवासन, सहरीकरण तथा मध्यम वर्गमा भएको वृद्धिका कारण विश्वभर नै वयष्क मनोरञ्जन व्यवसाय विस्तार हुँदै गएको तर मानव बेचबिखन र ओसारपसारको दृष्टिमा यो व्यवसाय थप चुनौतीका रूपमा विश्वसामु देखिएको छ । ‘वयष्क मनोरञ्जन तथा सत्कार व्यवसायमा उच्च यौनजन्य हिंसाका क्रियाकलाप हुने गरेको तथ्य त्यस क्षेत्रमा कम उमेरका किशोरीको उपयोगमा रहेको बाहुल्यताले पुष्टि गर्दछ । नेपालका प्रमुख सहरहरूमा बढ्दो वयष्क मनोरञ्जन व्यवसायले आन्तरिक मानव बेचबिखन र ओसारपसारका घटना वृद्धि हुनुले थप जटिलता ल्याएको छ । यसका अतिरिक्त श्रमिकको खुला आवागमन, अन्तर्राष्ट्रिय मनोरञ्जन बजारसँगको सहज सम्पर्क र सञ्जाल, आन्तरिक र बाहय एजेण्टको खुला गतिविधि, बेचबिखनकर्ताको सञ्जाल, खुला सीमाना, प्रविधिको बढ्दो प्रयोग, इन्टरनेटलगायत सुविधाका कारण नेपाली महिला तथा किशोरीलाई देशभित्र र अन्तर्राष्ट्रिय मनोरञ्जन बजारमा उपयोग गर्ने क्रम बढ्दै गएको छ,’ प्रतिवेदनमा भनिएको छ ।

अध्यता शिवहरि ज्ञवाली यस क्षेत्रमा आर्थिक, सामाजिक रूपमा विपन्न तर सांस्कृतिक रूपमा कलासम्पन्न समुदायका श्रमिकको बाहुल्यता रहेकाले उनीहरू थप हिंसामा पर्ने गरेको सुनाउँछन् । उनी यस क्षेत्रमा अधिकांश जनजाति र दलित समुदायका व्यक्तिहरू क्रियाशील रहेको र विशेषगरी दलित समुदायका महिलाहरूले जातकै कारण रोजगारी पाउन कठिन भएको, कार्यस्थलमै जातीय विभेद भोग्नुपरेको, रोजगारी पाउनका लागि थर परिवर्तन गर्न बाध्य हुनुपरेको बताउँछन् । ‘थर लुकाउनु भनेको आफ्नो पहिचान खुल्ने कानुनी परिचयपत्र नदिनु हो । यदि कानुनी पहिचान नै छैन भने त्यहाँ कार्यसम्झौता हुँदैन । कार्यसम्झौता नभएमा जुनसुकै बेला आइपर्ने समस्या, यौनजन्य, शारीरिक, मानसिक तथा आर्थिकलगायत हिंसाको कानुनी प्रतिवाद गर्ने आधार हुँदैन, जसले गर्दा थप हिंसा भोग्नुपर्ने हुन्छ,’ ज्ञवालीले भने ।

दलित महिला संघका संस्थापक दुर्गा सोब पनि पछिल्लो समय मनोरञ्जन क्षेत्रका महिलामाथि हुने हिंसा सबैका लागि चिन्ताको विषय भएको बताउँछन् । यस क्षेत्रमा हुने हिंसा अन्त्य गर्न सरकार र सबै सरोकारवालाले गम्भीरतापूर्वक काम गर्नुपर्ने आवश्यकता देखिएको उनको भनाइ छ । ‘घरेलु हिंसा, बलात्कार तथा बलात्कारको प्रयास र हत्या, जातीय तथा लैंगिक आधारमा हुने हिंसाका समस्या त्यस्तै छन् । रोजगारीको प्रचुर सम्भावना रहेको मनोरञ्जन क्षेत्रमा काम गर्नेहरूले थप हिंसा सामना गर्नु, संगठित संस्थामै हिंसाको अवस्था रहनु, कार्यस्थलमा हिंसा बेहोर्नु तर सञ्चालक, राज्यलगायत सरोकारवालाबाट संरक्षण प्राप्त नगर्नु चिन्ताको विषय हो,’ सोवले भने ।

राष्ट्रिय बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक एवं श्रम अधिकार अभियन्ता मिलन धरेल मनोरञ्जन तथा सत्कार क्षेत्रका व्यवसाय अनिवार्य दर्ता हुनुपर्ने, श्रम कानुनअनुसार श्रमिकहरूको भर्ना, सेवा सुविधा, पारिश्रमिक र सुरक्षाको व्यवस्था गर्नुपर्नेमा जोड दिन्छन् । उनी आधुनिक विश्वमा नेपाललगात सबै देशमा मनोरञ्जन व्यवसाय फस्टाउँदै गएको तर यो क्षेत्र व्यावसायिक, सम्मानित र मर्यादित बन्न नसकेको भनेर उठ्ने प्रश्नबारे चिन्ता व्यक्त गर्छन् ।

विश्वास नेपालका अध्यक्ष तारा भण्डारी यस क्षेत्रलाई व्यवस्थित गर्नसके लाखौं नागरिकलाई रोजगारी दिनुका साथै नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने धारणा राख्छन् । त्यसका लागि यस क्षेत्रमा कार्यरत धेरै श्रमिक महिला आर्थिक, सामाजिक, मानसिक र यौन शोषणमा पर्न बाध्य भएको गुनासा सम्बोधन गर्न रोगारदाता, सरकार, सरोकारवाला र श्रमिकहरू एकताबद्ध भएर लाग्नुपर्ने उनको भनाइ छ । *रासस*

“

विश्वास नेपाल नामक गैरसरकारी संस्थाले गरेको “मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत श्रमिकहरूको अवस्थाबारे विषयगत अध्ययन प्रतिवेदन, २०७९” ले कूल उत्तरदातामध्ये ९.४ प्रतिशतले मात्रै नियुक्तिपत्र पाएको र सात प्रतिशतसँग मात्रै श्रम सम्झौता गरिएको देखाएको छ ।

■■■

अनुसन्धानले कूल उत्तरदातामध्ये ४६ प्रतिशतले कार्यस्थलमा कुनै न कुनै प्रकारको दुर्व्यवहार अनुभव गरेको देखाएको छ । स्थान विशेषमा पोखरामा ६९, काठमाडौंमा ४५ र इटहरीमा २३ प्रतिशत उत्तरदाताले दुर्व्यवहारका घटना अनुभव गरेको देखाएको छ । क्षेत्र विशेषमा डान्सबारका ७३, दोहोरी ५१, मसाज पार्लर ३४, क्याबिन ३० र खाजा घरका ३० प्रतिशत उत्तरदाताहरूले दुर्व्यवहारको अनुभव गरेको जनाएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

■■■

राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७९ ले मानिसको जीवनशैलीमा आएको परिवर्तन, विश्वव्यापीकरण, प्रविधिको विकास एवं विस्तार, बढ्दो आप्रवासन, सहरीकरण तथा मध्यम वर्गमा भएको वृद्धिका कारण विश्वभर नै वयष्क मनोरञ्जन व्यवसाय विस्तार हुँदै गएको तर मानव बेचबिखन र ओसारपसारको दृष्टिमा यो व्यवसाय थप चुनौतीका रूपमा विश्वसामु देखिएको छ ।

■■■

# जनकपुरधाममा सीताराम विवाहपञ्चमीको उल्लास



■ निरञ्जनकुमार साह

**महेन्द्रनगर (धनुषा)–** जनकपुरधाममा सीताराम विवाहपञ्चमी महामहोत्सवका लागि जानकी मन्दिरकै प्रांगणमै विवाह मण्डप बनाइएको छ । जानकी मन्दिरको प्रांगणमा हुने वैवाहिक कार्यक्रमका लागि हजारौं श्रद्धालु यहाँ आइपुगेका छन् । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवका अनुसार यसपटक विवाहपञ्चमी महामहोत्सवमा उल्लेख्य दर्शनार्थी जनकपुरधाम आएका छन् ।

त्रेता युगको झल्को दिने विवाहपञ्चमी महोत्सव हेर्न नेपाल र भारतका साथै तेस्रो मुलुकबाटसमेत दर्शनार्थी जनकपुरधाम आइपुगेका छन् । प्रत्येक पाँच वर्षमा अयोध्याबाट आउने जन्ती पनि यहाँ आएका छन् । अयोध्याबाट राम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टका महासचिव चम्पत राय, अयोध्याका नगरप्रमुख गिरिशपति त्रिपाठी, विश्व हिन्दू परिषद्का केन्द्रिय मन्त्री राजेन्द्रसिंह पंकजसहितको टोली पनि यहाँ आइपुगेको छ ।

जकपुरधामस्थित जानकी मन्दिरको प्रांगणमा प्रत्येक वर्ष वैवाहिक कार्यक्रमको आयोजना हुने गर्छ । वैवाहिक कार्यक्रमका लागि छोरीको बिहेका लागिजस्तै मण्डप सजाइन्छ । जनकपुरधामस्थित जानकी मन्दिरलाई मिथिला दरबारको रूपमा लिइन्छ भने राममन्दिरलाई अयोध्या दरबारको रूपमा लिइन्छ । जानकी मन्दिर तथा राममन्दिरलाई बेहुलीझैँ सिँगारिएको छ ।

जानकी मन्दिरका महन्त रामतपेश्वरदास वैष्णवले भने, 'यहाँ आउने दर्शनार्थीलाई छोरीको बिहेको आयोजना गरिरहेको जस्तै अनुभव हुन्छ ।' महन्त दास बिहेमा माता सीताको पिता राजा जनकको भूमिकामा छन् । राममन्दिरका महन्तबाबा राम गिरी राजा दशरथको भूमिकामा छन् । महन्त गिरीले भने, 'सीताजस्ती बुहारी पाउने भएपछि हर्षविभोर हुनु स्वाभाविक नै हो ।' त्रेता युगमा अयोध्या नरेश दशरथका पुत्र मर्यादा पुरुषोत्तम भगवान् श्री राम र मिथिलाका शिरध्वज राजर्षि जनककी पुत्री माता जानकीको विवाह भएको स्मरणमा साताव्यापीरूपमा मनाइने विवाहपञ्चमीको पहिलो दिन नगर दर्शनविधि गरिन्छ । यसमा राम लक्ष्मणको प्रतीकस्वरूप बनाइएको राम लक्ष्मणलाई जनकपुरधाममा नगरदर्शन गराइन्छ ।

विवाहपञ्चमी महोत्सवको दोस्रो आकर्षण भनेको फूलबारी लीला हो । फूलबारी लीलामा राम जानकीको पहिलो भेट गराइन्छ । त्रेतायुगमा भगवान रामको पहिलो भेट भारतको गिरिजा स्थानमा रहेको गिरिजा माई मन्दिरको प्रांगणमा रहेको फूलबारीमा भएको जानकार डा. राजेन्द्र विमल बताउँछन् । यो विधि जानकी मन्दिरकै छेउमै रहेको विवाहमण्डपको फूलबारीमा गर्ने गरिन्छ ।

तेस्रो दिन धनुष यज्ञ सम्पन्न हुन्छ । माता सीताले शिवजीको पिनाक धनुषलाई बायाँ हातले उठाएर लिपपोत गरेको देखेर राजा जनक यो धनुषमा प्रत्यंचा चढाउन सक्ने वीर पुरुषसँगै आफ्नो छोरीको बिहे गरिदिने वचन लिएर धनुषयज्ञको आयोजना गरिएको संकृतिविद् एवं पण्डित मुकेश प्रतिहस्त बताउँछन् । त्रेता युगमा सो धनुष यज्ञको आयोजन रंगभूमि मैदान १२ बिघामा भएको जनविश्वास छ । सोही स्मरणमा धनुष यज्ञविधि सम्पन्न गरिन्छ । महोत्सवको चौथो दिन राममन्दिरको प्रांगणमा हजारौं श्रद्धालुबीच तिलकोत्सव विधि सम्पन्न हुन्छ ।

अयोध्याबाट जन्तीको नेतृत्व गरी आएका रामजन्मभूमि ट्रस्टका महासचिव रायले विवाहपञ्चमी महोत्सवले नेपाल र भारतबीचको प्राचीन सम्बन्धलाई नयाँ स्तरमा अझ बढी प्रगाढ बनाउने काम गर्ने बताउँछन् । अयोध्याका नगरप्रमुख त्रिपाठीले विवाहपञ्चमी महोत्सवले नेपाल र भारतको सांस्कृतिक, धार्मिक तथा भावनात्मक एकतालाई प्रगाढ बनाएर जीवन्त बनाउने काम गरेको बताए ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले विवाहपञ्चमी महोत्सवको धार्मिकता, पौराणिकता र सांस्कृतिक वैशिष्ठ्यलाई अक्षुण राख्न तथा पर्वप्रति विद्यमान गहिरो आस्था अभिव्यक्त गर्न शुक्रबार हरेक घरमा दीपोत्सव गर्न जनकपुरधामवासीलाई आह्वान गरेका थिए । उनले विवाहपञ्चमीका दिन ११ वा २१ वटा दीप भए पनि जनकपुरधामका प्रत्येक घरआँगनमा जलाएर रामजानकी विवाहप्रतिको श्रद्धाभक्ति तथा अनुष्ठान परम्परालाई थप भव्य बनाउन आग्रह गरेका थिए ।

मेला हेर्न उत्तर प्रदेशको बोकडाबाट आएका ५८ वर्षीय भोला यादवलेले भने, 'जनकपुरधामको नाममात्रै सुनेको थिएँ, आज प्रत्यक्ष हेर्न पाएँ । मन गदगद भएको छ ।'

तिलकोत्सवमा जानकी मन्दिरबाट राममन्दिरमा पाहुर आउँछ । जहाँ जानकी मन्दिरका महन्त र राममन्दिरका महन्तबीच अंकमाल (समधि मिलन) हुन्छ । तिलकोत्सवमा सहभागी महिलाहरू रामजानकीको बिहेका गीत गाउँछन् भने हास्यपरिहासको माहौलसमेत हुन्छ । जसरी मिथिलामा समधीलाई विभिन्न किसिमको गाली गरिन्छ त्यसरी नै मन्दिरमासमेत दुवै पक्षबाट गालीसहित ठट्टा गरिन्छ ।

राममन्दिरका महन्त राम गिरीका अनुसार समधी मिलन कार्यक्रममा जानकी मन्दिरका उत्तराधिकारी महन्त, पुजारी सहभागी हुने गर्दछन् भने राममन्दिरबाट महन्त स्वयं, गुठी संस्थानका प्रतिनिधि तथा स्थानीय युवा क्लबका प्रतिनिधिहरू सहभागी हुन्छन् । महोत्सवको पाँचौं दिन मटकोर विधि हुन्छ । मटकोर विधिमा माता जानकीको मटकोरका लागि मिथिलाका महिलाले जनकपुरधामकै पवित्र सरोवर रहेको गंगासागर पोखरीबाट साँझको समयमा मिथिलाको परम्परा अनुसार गीतनाच गाउँदै माटो खनेर ल्याउने गर्दछन् । सोही माटोबाट विवाहका लागि वेदी तयार गरिन्छ ।

छैटौं दिन शुक्रबार ऐतिहासिक रंगभूमि मैदानमा स्वयंवर विधि सम्पन्न गरिएको छ । शुक्रबार राति नै वैदिक परम्पराअनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिएको छ । स्वयंवरका लागि राममन्दिर तथा जानकी मन्दिरको डोला रंगभूमि मैदान १२ बिघा पुग्ने गर्छ । स्वयंवरपछि दुवै मन्दिरको डोला शोभा यात्रा गर्दै जानकी मन्दिर पुग्छ जहाँ वैवाहिक कार्यक्रम हुने गर्छ । *रासस*

## स्वयंवर कार्यक्रम सम्पन्न

जनकपुरधाममा जारी सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको मुख्य दिन आज रंगभूमि मैदानमा स्वयंवर कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार जनकपुरधामको जानकी मन्दिरबाट बाजागाजासहित कडा सुरक्षाबीच निस्केको डोला रंगभूमि मैदानमा पुगेपछि राममन्दिरबाट गएको डोलालाई तीनपटक परिक्रमा गरेर स्वयंवर सम्पन्न भएको हो । साँझदेखि जानकी मन्दिरको परिसरमा निर्माण भएको आकर्षक विवाहमण्डपमा मिथिला परम्पराअनुसार भगवान् श्रीराम तथा माता सीताको प्रतीकात्मक विवाह हुने कार्यक्रम रहेको जानकी मन्दिरका सहमहन्त रामरोशन दास वैष्णवले जानकारी दिए ।

तत्कालीन मिथिलाका राजा जनकले गरेको प्रतिज्ञाअनुसार अयोध्याका राजा दशरथका ज्येष्ठ पुत्र भगवान् श्रीरामले भगवान् शिवको पिनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएको थियो । त्यसपछि मर्यादा पुरुषोत्तम भगवान् श्रीरामको शुभ विवाह यही पावन तिथिमा माता सीतासँग सम्पन्न भएको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी महामहोत्सव आयोजना गर्ने चलन रहेको छ । सो वैवाहिक कार्यक्रममा महिलाहरू विवाहका गीतहरू गाउने गर्छन् । विवाहपञ्चमीको सातौं दिन भारतको अयोध्याबाट जन्तीको रूपमा आएका साधुसन्तलाई भोजन गराउँदै बिदाइ गरिन्छ ।



**दाउराको जोहो** | डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका–७ का महिलाहरू दाउरा संकलन गरेर घर फर्कँदै । पुस र माघ महिनामा हिमपातले अत्यधिक चिसो हुने भएकोले न्यानो गर्न र खाना पकाउन प्रयोग गरिने दाउराको जोहो स्थानीयले गर्न थालेका हुन् । *तस्बिरः लेखबहादुर बुढा/रासस*

# भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य तथा विद्यालय भवन निर्माण गरिँदै

**काँक्रेविहार (सुर्खेत)–** गत वर्षको कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट क्षति भएका सरकारी संरचना प्रदेश सरकारले निर्माणको थालनी गर्ने भएको छ । जाजरकोट, रुकुमपश्चिम र सल्यानका सामुदायिक विद्यालय र स्वास्थ्य संस्था निर्माण गर्ने भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढाले जानकारी दिए । सरकारले यी भौतिक संरचना निर्माण गर्न ५० करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो ।

विद्यालयको हकमा अधिकतम ७५ लाख र स्वास्थ्य संस्थाको हकमा ५० लाख रूपैयाँको संरचना निर्माण गर्ने योजना मन्त्रालयको छ । जाजरकोटमा २५ करोड रूपैयाँ विनियोजन गरिएको छ भने रुकुम पश्चिममा २२ करोड रूपैयाँ र सल्यानमा तीन करोड रूपैयाँ छुटयाएको छ । जाजरकोटमा छवटा पूर्ण र १२ वटा आंशिक गरी १८ वटा स्वास्थ्य संस्थामा क्षति पुगेको छ ।

रुकुमपश्चिममा दुईवटा पूर्ण र २२ आंशिक गरी २४ वटामा क्षति भएको छ । सल्यानमा तीनवटा पूर्ण क्षतिसहित तीनै जिल्लाका ४५ वटा स्वास्थ्य संस्थामा क्षति पुगेको सामाजिक विकास मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका अनुसार जाजरकोटमा १४३ र रुकुमपश्चिममा ४० वटा विद्यालय पूर्णरूपमा क्षति भएको छ । जाजरकोटमा आंशिक क्षति भएका विद्यालयको संख्या २०६ र रुकुमपश्चिममा २१३ रहेका छन् । यी क्षति भएका संरचना निर्माण गर्न जिल्लाबाट सिफासि भएर आएकालाई निर्माणको व्यवस्था मिलाइएको छ । प्रदेश सरकारले भूकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य संस्थाको भवन पुनर्निर्माण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ पनि स्वीकृत गरेर दोस्रो चौमासिक लागेसँगै काममा जुटेको भौतिक पूर्वाधार तथा सहरी विकास विकासमन्त्रीका सूचना प्राविधि सहायक टेकबहादुर शाहीले जानकारी दिए ।

त्रिपाल र टेन्टमा वर्ष दिनदेखि विद्यार्थी तथा स्वास्थ्यकर्मी काम गरिरहेकाले हैरान हुँदै आएका छन् । भवन अभाव हुँदा नियमित पठनपाठन र स्वास्थ्य सेवा प्रवाहमा बाधा सिर्जना भएको, जिल्ला विपद् व्यवस्थापन समितिले पुनर्निर्माण गर्नुपर्ने भनी पहिचान गरेको विद्यालय तथा स्वास्थ्य संस्थाको पुनर्निर्माणका लागि सम्बन्धित जिल्लाबाट छनोट भई आएकालाई मन्त्रालयले प्राथमिकताका आधारमा निर्माण गर्ने जनाएको छ ।

आयोजना छनोट गर्दा चालु आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिनेमात्र छनोट गर्नुपर्ने र संशोधन गर्न नपाइने नियम बनाएको छ । प्रदेशको भौतिक मन्त्रालय, समिति, सम्बन्धित स्थानीय तह, सम्बन्धित विद्यालय व्यवस्थापन समिति र कार्यालयले अनुगमन गर्ने छन् । आयोजना निर्माण सम्पन्नपछि विद्यालयको भवन सम्बन्धित स्थानीय तहको रोहवरमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई र स्वास्थ्य संस्थाको भवन सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण हुने छ । भौतिक संरचना निर्माण गर्न जाजरकोटमा र सल्यानमा संख्या निर्धारण गरेर मन्त्रीस्तरीय निर्णय भइसकेको छ भने रुकुम पश्चिममा भने बाँकी छ । विनियोजित रकमबाट जति काम हुन्छ, सोही मात्रामा मात्र भौतिक संरचना निर्माण हुने छन् ।

सल्यानको दार्मा गाउँपालिकामा दुईवटा विद्यालय, सिद्धकुमाखमा एक, शारदा नगरपालिकामा एक विद्यालय निर्माण गर्न छनोट गरिएको छ । त्यस्तै, कुमाख गाउँपालिकामा एक स्वास्थ्य संस्था, बागचौर गाउँपालिकामा एकवटा स्वास्थ्य संस्था निर्माण गर्न पत्राचार गरिएको छ । जाजरकोटको बारेकोटमा पाँचवटा विद्यालय, नलगाड नगरपालिकामा चारवटा विद्यालय, भेरी नगरपालिकामा तीनवटा, छेडागाड नगरपालिकामा चारवटा, कुशे गाउँपालिका, शिवालयमा र जुनिचाँदेमा पाँच-पाँचवटा विद्यालय निर्माण गर्न पत्राचार गरिएको छ ।

स्वास्थ्य चौकीमा बारेकोटमा दुई, नलगाडमा दुई, भेरीमा दुई, छेडागाडमा तीन र जुनिचाँदेमा दुईवटा निर्माण हुने छन् । रुकुम पश्चिमका संरचना निर्माण गर्ने विषयमा भने निर्णय हुन बाँकी रहेको मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले जानकारी दिए । *रासस*

## कारागारमा चाप बढेपछि कैदीबन्दी स्थानान्तरण

**चितवन (प्रस)–** चितवन कारागारमा कैदीबन्दीको चाप बढेपछि केहीलाई अन्यत्र स्थानान्तरण गरिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को साउनयता ९५ कैदीबन्दीलाई विभिन्न कारागारमा स्थानान्तरण गरिएको छ ।

कार्यालय प्रमुख कमलप्रसाद आचार्यका अनुसार साउनमा १६, असोजमा एक र मंसिरमा ७९ कैदीबन्दीलाई विभिन्न कारागारमा स्थानान्तरण गरिएको छ । साउनमा आठ जनालाई रसुवा, एक जनालाई गोरखा, एक जनालाई तनहुँ र ६ जनालाई केन्द्रीय कारागार काठमाडौं पठाइएको उनले बताए । यस्तै मंसिरमा स्थानान्तरण गरिएका ७९ कैदीबन्दीलाई नुवाकोट कारागार पठाइएको प्रमुख आचार्यले जानकारी दिए ।

स्थानान्तरण गर्नुअघि चितवन कारागारमा ८१९ कैदीबन्दी रहेका थिए । जसमा ७७२ पुरुष र ४७ महिला रहेका थिए । मंसिरमा स्थानान्तरण गरिएकामध्ये दुई महिला र ७७ पुरुष रहेको प्रमुख आचार्यले बताए । अहिले कारागार कार्यालयमा ७५६ कैदीबन्दी छन् । जसमा ७०३ पुरुष र ५३ महिला रहेका छन् । उनीहरूसँग आश्रित तीन बालबालिका रहेका छन् ।

२५५ पुरुष र २५ महिला कैदीबन्दी राख्ने भएको चितवन कारागारमा न्यायिक तथा अर्धन्यायिक निकायबाट आउने कैदी तथा बन्दीको संख्याभन्दा कैद म्याद सकिनेको संख्या कम भएकाले स्थानान्तरण गर्न बाध्य भएको प्रमुख आचार्यले बताए । पछिल्ला दिनमा लागुऔषध सम्बन्धि कैदीबन्दी बढी आउने गरेको उनको भनाइ छ । कारागारमा छिमेकी जिल्ला नवलपरासी (वर्दघाट-सुस्ता पूर्व)बाटसमेत कैदीबन्दी आउने हुँदा चाप बढेको हो ।


**साउदीमा रोजगार** — कम्पनी : YAHYA AHMED RAQWANI COMPANY LTD.FOR TRAD.&CONT.

पूर्व स्वीकृति मिति : २०८०/०९/04 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 296793 | चलानी नं. ६०२११८६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४३,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Heavy Equipment | 14 | 0 | 1800 | ६४,७१५ | | | | | | | |
| 3 | Electrical Cable Connecter | 1 | 0 | 1400 | ५०,३३० | | | | | | | |
| 4 | Electrical Machanic | 1 | 0 | 1400 | ५०,३३० | | | | | | | |
| 5 | Light Equipment Mechanic | 6 | 0 | 1400 | ५०,३३० | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४३,१४० | | | | | | | |
| 7 | Store Keeper | 1 | 0 | 1500 | ५३,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १ गते (16th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम इजाजत नं. ९७१/०६७/०६८

**कतारमा रोजगार** — कम्पनी : NEW STATE FACILITY MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 315040 | चलानी नं. ६०२२९३५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Technician | 2 | 0 | 1100 | ४०,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९२,७४० | | | | | | | |
| 3 | Labour | 7 | 0 | 1000 | ३७,०९५ | | | | | | | |
| 4 | Light, Heavy Driver | 2 | 0 | 1900 | ७०,४८० | | | | | | | |
| 5 | Security Guard | 2 | 0 | 1500 | ५५,६४५ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ९२,७४० | | | | | | | |
| 7 | Technician Maintenance | 3 | 0 | 1100 | ४०,८४५ | | | | | | | |
| 8 | Washing Machin (Man.and Auto) Tech. | 5 | 0 | 1100 | ४०,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159,
9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : SAMHAN ZAIN AL RIZQI GENERAL CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314983 | चलानी नं. ६०२२९३४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

# प्रभाव दैनिक

शनिबार, २२ मंसिर २०८१ (Saturday, December 07, 2024)


**रूपशाला**

### गायिका स्मिता वैवाहिक बन्धनमा

गायिका स्मिता दाहाल शुक्रबार वैवाहिक बन्धनमा बाँधिएकी छन् । उनले प्रेमी सायुज्य श्रेष्ठसँग लगनगाँठो कसेकी हुन् । स्मिता पूर्वप्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष प्रचण्डकी नातिनी हुन् । विबाह मुलपानीस्थित नर्लिङ रिसोर्टमा भएको बताइएको छ । वैवाहिक समारोहमा कलाकारहरू हरिवंश आचार्य, किरण केसी, शिव श्रेष्ठ, जितु नेपाल, केदार घिमिरेलगायतका साथै परिवारका सदस्य र आफन्तहरूको सहभागिता रहेको बताइएको छ । स्मिताका मायालु तिमी कता छौ..., पानी करूवाको...लगायतका गीत चर्चित छन् ।



# जाउँ हिंड कान्छी पोखरा सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** सर्जक मुकुन्द त्रिपाठीको जाउँ हिँतड कान्छी पोखरा सार्वजनिक भएको छ ।

शब्द र संगित मुकुन्द त्रिपाठी आफ्नै दिएका छन भने स्वर मुकुन्द त्रिपाठी र अस्मीता अधिकारीको रहेको छ । गितमा पोखराको प्राकृती, संस्कृती विषेशताको बारेमा जानकारी गराईएको छ ।

माछापुच्छ्रे र फेवातालको सम्वन्ध वर्णन गर्दै धार्मिक तथा पर्यटकिय स्थलहरू भद्रकाली, गुप्तेश्वर, कालिका, पुंम्धिभुम्धि, तालबाराही, सराङकोट, डेबिटफल, काऊडाडाको धरहरा, बेगनास ताल, फेबा ताल आदी गितमार्फत चिनारी गराउदै सास्कृतिक कार्यक्रम, महोत्सव, प्याराग्लाईडिङ, डुङ्गा तथा नृत्यलाइ विश्वसामु चिनाउदै पोखरालाई स्वर्गजस्तो सुन्दर वनाई राख्ने जस्ता कुरालाई श्रृङगारि करूपले मनोरंग्नात्मक तवर बाट गितलाई प्रस्तुत गरिएको छ ।

मुकुन्द त्रिपाठी, सरीता दानाकोटी र अनुभब त्रिपाठीको दमदार अभिनय देख्न पाहिन्छ । पोखराको बिभिन्न रमाणिय स्थानमा छायाङ्कन गरी भिडीयोलाई आर्कशक तरीकाले प्रस्तुत गरिएको छ ।

आफ्नै निर्देशन रहेको गितमा नृत्य निर्देशन युमी वलामीले गरेकी छन । अडियो ओजन स्टुडीयो र अरेन्जिङ राजु सनमले गरेका छन् । क्यामरामा सुभाष सुबेदी र ईडिट तथा करिङ सुभाष अमगमईको छ ।

# नीति अभिनित 'खजुरे ब्रो' युट्युबमा

**काठमाडौं (प्रस)–** पूर्वमिस नेपाल इन्टरनेसनल समेत रहेकी अभिनेत्री नीति शाहको डेब्यु फिल्म 'खजुरे ब्रो' युट्युबमा रिलिज भएको छ । ओएसआर डिजिटल च्यानलले शुक्रबार फिल्म सार्वजनिक गरेको हो ।

सुरज सुनुवार निर्देशित फिल्म गत वैशाख २८ मा हलमा रिलिज भएको थियो । फिल्म बक्स अफिसमा भने चलेन । फिल्ममा नीतिले धरानकी एक युवतीको भूमिका निर्वाह गरेकी छन् ।

फिल्मले मित्रता र पैसाले श्रीमान-श्रीमतीको सम्बन्धमा ल्याउने उतारचढावको कथा भन्छ । धरानका वास्तविक पात्र खजुरे ब्रोको जीवनबाट प्रभावित रहेर बनेको यो फिल्ममा नीतिका साथै महेश त्रिपाठी र रिअर राईको मुख्य भूमिका छ । डेब्यु फिल्मपछि नीति एकपछि अर्को ठूला ब्यानरका फिल्ममा व्यस्त रहिन् । उनको पछिल्लो फिल्म 'ज्वाइँ साब' दशैंमा हलमा लागेको थियो । यतिबेला भने उनी राजेश हमालको फिल्म 'नरसिंह अवतार' लगायतका फिल्ममा काम गरिरहेकी छिन् ।



# श्रीमतीको सम्झनामा खनालले ल्याए 'संसारमा तिमीलाई...'





■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रेस काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले स्व. श्रीमती अनिता आचार्यको स्मृतिमा संसारमा तिमीलाई...भन्ने गीत युट्युबमार्फत बाहिर ल्याएका छन् ।

'संसारमा तिमीलाई अब भेटिदैंन तर पनि हाम्रो माया कहिल्यै मेटिदैन...' भन्ने गीतमा गायक मातृका आचार्यले स्वर दिएका छन् भने सङ्गीत भरेका छन् सङ्गीतकार पुरुषोत्तम न्यौपानेले । यस्तै स्व.आचार्यको काल्पनिक मधुर आवाजमा साथ दिएकी छिन् आस्मा दुलालले ।

उक्त गीतको लोकार्पण प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले युट्युबमार्फत एक कार्यक्रम बिच गर्नुभएको थियो । उक्त गीत सार्वजनिक गर्दै उहाँले दुःखद् घटनापछि सकारात्मक सन्देश दिने काम यो गीतले गरेको उल्लेख गरेका थिए । क्यान्सरजस्तो रोग सहज र सरल रूपमा उपचारको व्यवस्था गर्न सरकारले ध्यान दिनुपर्ने र मिडियाले पनि त्यसका लागि सकारात्मक कलम चलाउनुपर्ने उनको भनाइ छ । बस्नेतले भने, "अकालमा कसैको पनि मृत्यु नहोस् भनेर राज्यलाई लोककल्याणकारी काम गर्न गीतसङ्गीत र समाचारमार्फत घच्घचाउनुपर्छ ।"

प्रेस काउन्सिलले सामाजिक सञ्जालको राम्रो प्रयोग गरौं भनेर आह्वान गरिरहेको र यो गीत युट्युबमार्फत सार्वजनिक गरेर यसको रचनात्मक प्रयोग भएको अध्यक्ष बस्नेतले बताउनुभयो । अरू किसिमका धेरै गीत आइरहेको भएपनि श्रद्धाञ्जली गीत आफैँमा नौलो प्रयोग भएको र यसले गर्दा सशरीर नभेटिने मानिससँग पनि युगौं युगसम्म भेट भइरहने उनले बताए ।

काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाललले यो गीतले शोकलाई शक्तिमा बदल्नका लागि प्रेरणा दिने र गीतमार्फत नै सम्झना रहिरहने उल्लेख गरे ।

गीतकार खनालले आफूले श्रीमती अनिताको निधन भएका बेला उक्त गीत लेखिएको भएपनि त्यसलाई स्मृति दिवस पारेर सार्वजनिक गरेको बताए । महिलाहरूमा पाठेघर र स्तन क्यान्सरको जोखिमबारे सचेत हुनुपर्ने उनको भनाइ छ ।

गायक मातृका आचार्य र सङ्गीतकार पुरुषोत्तम न्यौपानेले यो गीतका शब्दहरू मर्मस्पर्शी भएको र अथक प्रयास गरेर छोटो समयमा नै राम्रो बनाउन प्रयास गरिएको बताए । काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता) खनाल कविता, गीत, निबन्धमा कलम चलाउन रुचाउँछन् भने मिडिया र राजनीतिक विश्लेषणमा पनि उनका विचारहरू सार्वजनिक हुने गरेको पाइन्छ ।



**एनपिएल क्रिकेट**

# पोखरा र कर्णालीको पहिलो जित

## आज लुम्बिनी र सुदूरपश्चिम तथा कर्णाली र विराटनगर भिड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपिएल) मा पोखरा एभेन्जर्स र कर्णाली याक्सले पहिलो जित हात पारेका छन् । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा भएको दुवै खेलमा पोखरा एभेन्जर्सले लुम्बिनी लायन्सलाई र कर्णाली याक्सले चितवन राइनोज्लाई पराजित गर्दै पहिलो जित हात पारेका हुन् ।

पोखराले लुम्बिनी लायन्सलाई १० विकेटले हराउँदै र कर्णालीले चितवनलाई ६ विकेटले पराजित गरेको हो ।

खेलको दोस्रो खेलमा लुम्बिनीले जितका लागि दिएको एक सय ७१ रनको लक्ष्य पछ्याएको पोखराले १६ दशमलव पाँच ओभरमा एक विकेट पनि नगुमाएर पूरा गरेको हो । पोखराको जितमा दुवै ओपनरको सानदार प्रदर्शन रह्यो । पोखराका लागि एन्ड्रिज गौसले शतकीय पारी खेले । उनले ५५ बलमा पाँच छक्का र १२ चौका प्रहार गर्दै अविजित एक सय चार रन बनाए । एनपिएलमा गौसले अहिलेसम्मकै बढी रन बनाएर एनपिएलमा शतक बनाउने पहिलो खेलाडी बनेका छन् ।

पोखराका अर्का ओपनर दिनेश खरेल अर्धशतकीय पारी खेले । उनले पनि अविजित रहँदै ६१ रन बनाए । छयालिस बलमा चार छक्का र चार चौकाको मद्दतले उनले ६१ रन बनाए । यो खेलमा पोखराले अतिरिक्त ११ रन पाएको छ । एनपिएलमा यो पोखराको पहिलो जित हो ।

पोखरा आफ्नो पहिलो खेलमा चितवन राइनोजसँग ८७ रनको फराकिलो अन्तरले पराजित भएको थियो भने दोस्रो खेलमा जनकपुर बोल्ट्ससँग सात विकेटले पराजित भएको थियो ।



त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको लुम्बिनीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ७० रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहित पौडेलले अर्धशतकीय पारी खेले । उनले अविजित रहँदै ५९ बलमा चार छक्का र १० चौका प्रहार गर्दै सर्वाधिक ९५ रन बनाए । टम मूर्सले ४५, सन्दीप जोराले १८ र विवेक यादवले दुई रनको योगदान दिए ।

लुम्बिनीका आशुतोष घिरैया र उन्मुक्त चन्द शुन्य रनमा आउट भएका थिए । यो खेलमा लुम्बिनीले अतिरिक्त १० रन प्राप्त गरेको थियो । पोखराका लागि विपिन खत्रीले दुई र म्याट क्रिचलेले एक विकेट हात पारेका थिए । एनपिएलमा लुम्बिनीको यो दोस्रो हार हो । यसअघि लुम्बिनी विराटनगर किंग्ससँग दुई विकेटले पराजित भएको थियो ।

### कर्णाली याक्सको पहिलो जित

एनपिएलमा कर्णाली याक्सले पहिलो जित निकालेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा आज भएको खेलमा कर्णाली याक्सले चितवन राइनोजलाई ६ विकेटले हराएको हो । यसअघि कर्णालीले दुई खेलमा हार ब्यहोरेको थियो । चितवन राइनोजले कर्णाली याक्सलाई जितका लागि एक सय ३१ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य कर्णाली याक्सले १९ दशमलव पाँच ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको हो । कर्णालीका लागि शिखर धवनले सर्वाधिक ४५ रन बनाए । उनले ४१ बल खेल्ने क्रममा एक छक्का र चार चौका प्रहार गरे । यस्तै चाडविक वाल्टनले ३०, देव खनालले २५, जिशान मकसूदले १२ र अर्जुन घर्तीले ११ रनको योगदान दिए ।

बलिङतर्फ चितवनका लागि कप्तान कुशल मल्ल, रवि बोपारा र जान निकोल लोफ्टी-इटनले एक एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको चितवनले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ३० रन बनाएको थियो । चितवनका लागि रवि बोपाराले अविजित रहँदै अर्धशतकीय पारी खेले । उनले ४० बलमा एक छक्का र सात चौकाको मद्दतमा ५९ रन बनाए । कप्तान कुशल मल्लले २३, विपिन रावलले ११, जान निकोल लोफ्टी-इटन र अमर रौतेलाले नौ नौ तथा दीपक बोहोराले आठ रन बनाए ।

बलिङतर्फ कर्णाली याक्सका लागि विपिन शर्माले तीन, जिशान मकसूदले दुई तथा नन्दन यादव र कप्तान सोमपाल कामीले एक एक विकेट लिए । चितवनले यसअघि दुई खेल जितेको थियो ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा अहिले लुम्बिनी लायन्स र पोखरा एभेन्जर्सबीच अर्को खेल भइरहेको छ । लुम्बिनीले टस जितेर अहिले ब्याटिङ गरिरहेको छ । शनिबार पहिलो खेल लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सबीच हुँदैछ भने दोस्रो खेल कर्णाली याक्स र विराटनगर किंग्सबीच हुनेछ ।

कर्णाली र विराटनगरले अहिलेसम्म एक/एक खेलमा जित हात पारेका छन् भने कर्णाली दुवै खेलमा विजयी भएको छ भने लुम्बिनीले दुवै खेलमा हार ब्यहोरेको छ ।

# सेनाका प्रफुल सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सेनाका प्रफुल महर्जन ललितपुरमा जारी तेश्रो ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकल तर्फ सेमिफाईनलमा प्रवेश गरेका छन् ।

प्रफुलले युनिटी ब्याडमिन्टन एकेडेमीका प्रियांशु क्षेत्रीलाई २१-७, २१-७ को समान अन्तरले पराजित गर्दै सेमिमा स्थान बनाएका हुन् । अब सेमिमा प्रफुलले एपिएफका देवराज रानासंग प्रतिस्पर्धा गर्नेछन् । रानाले सेनाका सुप्रिम पन्तलाई २१-१८, २१-११ ले पराजित गर्दै प्रफुल संगको भेट पक्का गरेका हुन् ।

ललितपुर जिल्ला ब्याडमिन्टन संघको आयोजना तथा बालकुमारी रिमिक्स क्लबको सहआयोजनामा भएको प्रतियोगितामा अन्तिम चारमा प्रवेश गर्ने क्रममा एपिएफका प्रिन्स दाहालले सेनाका डेभिड थापा मगरलाई २१-१४, २१-९ ले पराजित गर्दै सेमिफाईनलमा एपिएफकै क्षितिज खनाल संगको भेट पक्का गरेका हुन् । खनालले सेनाकै सुविन श्रेष्ठलाई २१-१०, २१-४ ले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेका हुन् ।

ललितपुर महानगरपालिकाको मुख्य प्रायोजनमा भएको प्रतियोगिताको महिला एकल तर्फ सेनाकी रसिला महर्जन सेमिफाईनलमा प्रवेश गरिन् । रसिलाले एपिएफकी स्वर्लिन श्रेष्ठलाई २१-६, २१-९ ले पराजित गरेकी हुन् । अब रसिलाले सेमिफाईनलमा आफ्नै क्लबकी रिहाना शेरचनसंग प्रतिस्पर्धा गर्नेछिन् । शेरचनले पुलिसकी सुष्मा श्रेष्ठलाई २२-२०, १२-२१, २७-२५ ले पराजित गरिन् ।



यस्तै अर्को प्रतिस्पर्धामा सेनाकी शेष्ना श्रीपालीले बालकुमारीकी श्रेया बज्राचार्यलाई २१-९, २१-१३ ले पराजित गर्दै सेमिफाईनलमा आफ्नै क्लबकी अमिता गिरी संगको भेट पक्का गरिन् । गिरीले आफ्नै क्लबकी बिष्ण बिष्टलाई २१-१२, २१-७ ले पराजित गर्दै सेमिमा प्रवेश गरेकी हुन् ।

यु-१७ पुरुष एकल तर्फको खेलमा पुलिसका कविर के.सी.ले सेनाका सुदेश राजकोटीलाई २१-१०, २१-१५ र कठायत ब्याडमिन्टन एकेडेमीका अमन डङ्गोलले सेनाका सौर्य महर्जनललाई २१-१६, २१-१६ ले पराजित गर्दै सेमिफाईनलमा स्थान बनाउन सफल भए । यस्तै अर्को खेलमा सेनाका सुविन श्रेष्ठले सितापाखा ब्याडमिन्टन क्लबका ईमा तामाङ्गलाई २१-१३, २१-१६ ले र कैलालीका शिशिर रानाले सेनाका दीप थिङ्गलाई २१-१४, १५-२१, २१-१२ ले पराजित गर्दै अन्तिम ४ मा प्रवेश गरे ।

मास्टर्स ४५ प्लस युगल तर्फ कास्कीका प्रेम कुमार गुरुङ्ग र राजेन्द्र वाग्लेको जोडी तथा बालकुमारीका शान्ता डङ्गोल र कृष्ण श्रेष्ठको जोडीले पनि सेमिफाईनलको यात्र तय गरे । गुरुङ्ग र वाग्लेको जोडीले भैसेपाटीका राम के.सी. र लोकेन्द्र बहादुर थापाको जोडीलाई २१-१२, २१-१२ ले तथा डङ्गोल र श्रेष्ठको जोडीले एपिएफका नरेन्द्र बम र धिरेन चन्दको जोडीलाई २३-२१, २१-१० ले पराजित गरेका हुन् । यस्तै अर्को खेलमा कास्कीका हिमाल गुरुङ्ग र शम्भु श्रेष्ठको जोडीले किर्तिपुरका काजी कार्की र अमित महर्जनको जोडीलाई २१-१४, २१-१५ र स्पोर्टस हवका सन बहादुर साँवा र लाक्पा शेर्पाको जोडीले क्लब ७ का बिलन महर्जन र प्रकाश थापाको जोडीलाई २१-१९, २१-१९ ले पराजित गर्दै सेमिफाईनल भिडन्त पक्का गरे ।

# दक्षिण कोरियाको सत्तारुढ दलद्वारा युनको राजीनामा माग

**सियोल–** दक्षिण कोरियाको सत्तारुढ दल, पिपुल्स पावर पार्टीका अध्यक्षले राष्ट्रपति युन सुक योलले देशका लागि ठूलो खतरा उत्पन्न गरेको भन्दै उनलाई पदबाट हटाउनु उचित भएको बताएका छन्।

युनको पिपुल्स पावर पार्टीका प्रमुख हान दोङ-हुनको आश्चर्यजनक टिप्पणीले शनिबार राष्ट्रपतिलाई महाभियोग लगाउन पर्याप्त सांसदहरूले मतदान गर्ने लगभग सुनिश्चितता गरेको छ। हानले बिहीबार महाभियोगलाई रोक्ने बताएका थिए। पार्टीका अर्का एक नेताले भने शनिबारको मतदानमा युनलाई समर्थन गर्न पिपिपीका सबै १०८ सदस्य एकजुट हुने बताएका छन्।

युनले मंगलबार राति सैनिक शासन (मार्सल ल) को घोषणा गरेर केही गलत गरेको स्वीकार गर्न इन्कार गरेका कारण शुक्रबार आफ्नो अडान परिवर्तन भएको हानले बताए। हानले भने, 'नयाँ तथ्यलाई ध्यानमा राख्दै गणतन्त्र कोरिया र त्यहाँका जनताको रक्षाका लागि राष्ट्रपति युन सुक योल जिम्मेवारीबाट शीघ्र निलम्बन हुन आवश्यक छ।'

हानले भने, 'युनले 'गैरकानुनीरूपमा हस्तक्षेप गर्ने' सैन्य अधिकारीविरुद्ध कुनै कारबाही गरेको छैन र उहाँले यो कदम गलत थियो भनेर स्वीकार गर्न अझै आनाकानी गरिरहनुभएको छ। त्यसैले, यदि राष्ट्रपति युनले राष्ट्रपतिको पद धारण गरिरहनुभयो भने दक्षिण कोरिया र यहाँका जनताका लागि गम्भीर जोखिम छ। वर्तमान संकटकालीन अवस्था जस्तै चरम कार्यहरू दोहोरिन सक्छ।'

युनले मंगलबार अबेरसम्म नागरिक शासनलाई निलम्बित गर्दै संसद्मा सेना तैनाथ गरेका थिए। विपक्षीहरूको विरोधका कारण केही घण्टामा नै उनले आफ्नो निर्णय परिवर्तन गर्न बाध्य हुनुपरेको थियो। दक्षिण कोरियाको ३०० सदस्यीय विधायिकामा विपक्षीको बहुमत छ र महाभियोगका लागि आवश्यक दुईतिहाइ बहुमत प्राप्त गर्न पिपिपीबाट केही सांसदले दलबदल गर्नु आवश्यक छ।

रियलमिटरले बिहीबार सार्वजनिक गरेको एक सर्वेक्षणअनुसार राजधानीका ७३.६ प्रतिशत उत्तरदाताले महाभियोगको समर्थन गरेका छन्। राष्ट्रपतिको राजीनामाको माग गर्दै हजारौं प्रदर्शनकारीले बिहीबार साँझ मध्य सियोल र संसद् भवननजिकै प्रदर्शन जारी राखेका छन्। महाभियोग प्रस्ताव पारित भएमा संवैधानिक अदालतको फैसला नआउञ्जेलसम्म युनलाई निलम्बन गरिने छ। यदि न्यायाधीशहरूले सहमति दिएमा युनलाई महाभियोग लगाइने छ र ६० दिनभित्र नयाँ निर्वाचन हुनुपर्ने छ। *रासस/एएफपी*



## सियोलमा आज दशौं हजार प्रदर्शनकारी सडकमा उत्रिने

**सियोल–** दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलको विरोधमा आज शनिबार दशौं हजार मानिसले प्रदर्शनमा सहभागिता जनाउने सूचना आफूहरूले पाएको सियोल प्रहरीले जनाएको छ। सियोल महानगर प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'शनिबार सहरको केन्द्र र येओइदो क्षेत्र (सियोलमा) मा दशौं हजार सहभागीहरू सम्मिलित ठूलो मात्रामा भेला र प्रदर्शन हुने सूचना प्रहरीले प्रप्त गरेको छ। स्थितिलाई गम्भीर हुन नदिन र सम्भावित अप्रिय घटनालाई मध्यनजर गर्दै प्रशासनले केही सडकहरूमा आवतजावतमासमेत प्रतिबन्ध लगाएको छ।'

कोरियन नेसनल प्रहरीका एक प्रवक्ताले एएफपीलाई बताएअनुसार आयोजकले 'करिब दुई लाख' मानिस उपस्थित गराउने बताएका छन्। युनले मंगलबार अबेर राति सैनिक शासनको घोषणा गरेका थिए भने उक्त कदमको विरोधमा हजारौंले प्रदर्शन गरेपछि कोरियाली संसद्मा भएको निर्वाचनमा सांसदहरूले राष्ट्रपतिको उक्त घोषणा उल्टाउने पक्षमा मतदान गरेका थिए। विपक्षीहरूले महाभियोग प्रस्ताव अघि सारेका छन् जुन शनिबार अबेर मतदान हुने तय भएको थियो, जबकि युनको आफ्नै पार्टीका प्रमुखले शुक्रबार उनलाई पदबाट हटाउन माग गरेका थिए। *रासस/एएफपी*

## भारतको केन्द्रीय बैंकले ब्याजदर यथावत् कायम राख्ने

**मुम्बई–** विश्वको पाँचौं ठूलो अर्थतन्त्र भारतको केन्द्रीय बैंकले मुद्रास्फीति जोखिमलाई आधार मानेर शुक्रबार ब्याजदरमा कुनै परिवर्तन गरेको छैन। रिजर्भ बैंक अफ इन्डियाले भनेको छ, 'बैंकले सन् २०२३ फेब्रुअरीदेखि कायम रहेको महत्त्वपूर्ण ब्याजदर ६.५० प्रतिशतमा यथावत् रहने छ।'

अमेरिकी फेडरल रिजर्भसहित विश्वका प्रमुख केन्द्रीय बैंकहरूले कम मुद्रास्फीतिलाई मध्यनजर गर्दै ब्याजदरलाई समायोजन गर्दै घटाउने सहज चक्र सुरु गरेका छन्। फेडले सेप्टेम्बरमा चार वर्षमा पहिलोपटक ब्याजदर कटौती गरेको थियो। भारतमा खुद्रा सामानको मुद्रास्फीति मौद्रिक नीति निर्माताहरूको चार प्रतिशतको लक्ष्यभन्दा माथि रहेको छ र अक्टोबरमा १४ महिनाको उच्च ६.२१ प्रतिशतमा पुगेको छ।

आरबिआईका गभर्नर शतीकान्त दासले बैंकको मौद्रिक नीति समितिले 'आर्थिक वृद्धिको गति सुस्त भएको' कुरालाई ध्यानमा राखेको तर भारतको दृष्टिकोण 'लचिलो' रहेको बताए। दासले भने, 'प्रतिकूल मौसमी घटनाहरूको बढ्दो घटना, बढ्दो भूराजनीतिक अनिश्चितता र वित्तीय बजारको उतारचढावले मुद्रास्फीतिमा उल्टो जोखिम निम्त्याएको छ।'

भारतीय रिजर्व बैंक (आरबिआई) ले केन्द्रीय बैंकमा निक्षेप गर्न ऋणदाताहरूको न्यूनतम नगद मौज्दात अनुपात ४.५ प्रतिशतबाट घटाएर चार प्रतिशतमा झारेको छ। कम नगद मौज्दात अनुपात तरलता बढाउने उपाय हो किनकि यसले बैंकहरूलाई ऋण दिनका लागि अधिक पैसा दिन्छ। आर्थिक वृद्धिमा मन्दीको संकेत देखिए पनि केन्द्रीय बैंकले ब्याजदरलाई स्थिर राख्ने निर्णय गरेको हो। भारतको कूल गार्हस्थ उत्पादन (जिडिपी) को वृद्धिदर सेप्टेम्बर त्रैमासिकमा ५.४ प्रतिशत रहेको छ, जुन सुस्त उत्पादन क्षेत्र र सुस्त सहरी उपभोगका कारण प्रभावित भएको छ।

तथ्यांकले भारतलाई विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको प्रमुख अर्थतन्त्रको सूचीमा राखेको छ, तर यो सात त्रैमासिकमा विश्लेषकहरूको ६.५ प्रतिशतको अपेक्षाभन्दा कम अर्थात् सुस्त वृद्धि दर थियो। केन्द्रीय बैंकले चालु आर्थिक वर्षको मार्च ३१ सम्ममा आर्थिक वृद्धिदर ६.६ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ। आरबीआईले मे २०२२ देखि फेब्रुअरी २०२३ को बीचमा ब्याजदरमा २.५ प्रतिशत बिन्दुले वृद्धि गरेको थियो। *रासस/एएफपी*

## न्युजिल्याण्डको हिमालमा बेपत्ता भएका तीन आरोहीको मृत्यु

**वेलिंगटन–** न्युजिल्यान्डको सबैभन्दा अग्लो हिमाल माउन्ट कुक आरोहणका क्रममा बेपत्ता भएका तीन आरोहीको मृत्यु भएको प्रहरीले शुक्रबार जनाएको छ। मृत्यु हुनेमा ५६ वर्षीय अमेरिकी कर्ट ब्लेयर र ५० वर्षीय कार्लोस रोमेर ोसहित एक क्यानेडियन आरोही (परिवारको इच्छाअनुसार नाम गोप्य राखिएको) रहेका बताइएको छ।

दक्षिण टापुको तीन हजार ७०० मिटर अग्लो माउन्ट कुकको आरोहणबाट फर्कन नसकेपछि तीनै जना पाँच दिनअघि बेपत्ता भएका थिए। स्थानीय प्रहरी निरीक्षक विकी वाकरले भने, 'शुक्रबार उनीहरू हराएको पाँचौं दिन पुगेको छ। उनीहरू बाँचेको हुनसक्ने कुनै आधार छैन।'

खतरनाक मौसमका कारण तीन दिनसम्म खोजी कार्य रोकिएको थियो, तर शुक्रबारको अवस्थाले अल्पाइन इलाकामा खोजीका लागि हेलिकप्टर र ड्रोन तैनाथ गर्न सहज भएको छ। खोजी टोलीले यसअघि उनीहरूको भनिएको एक थान ज्याकेट, हिँउमा बाटो बनाउन प्रयोग गरिने हतियार (हाते बञ्चरो) लगायतका सामग्री भेटिएको जनाएको छ।

शुक्रबारको ड्रोन फुटेजमा पनि पदचिह्नहरू पछ्याइएको र उनीहरू तीनै जनाले जुरब्रिगेन पहाडको चुचुरो काटेको संकेतहरू पाइएका छन्। वाकरले भने, 'पर्वतारोहीहरू कति दिनदेखि हराइरहेका छन्, उनीहरूसँग कुनै सञ्चार छैन, हामीले प्राप्त गरेका सामानहरू र आज हाम्रो टोलीको समीक्षापछि, ती व्यक्तिहरू बाँचेका हुनसक्ने कुनै आधार भेटिएन।' वाकरले तीनै आरोहीका परिवारसँग सम्पर्क गरिएको बताउँदै र नयाँ सूचना वा विश्वसनीय दृश्य देखिएमा प्रहरीले पुनः खोजी कार्य सुरु गर्ने बताए। *रासस/एएफपी*


### साउदीमा रोजगार

कम्पनी : Al-Taqadum Rock forming Plant

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 315006 | चलानी नं.६०२२९३२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 2 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Abdul Mohsen Al-Jasser Contracting Company, a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 314784 | चलानी नं.६०२२९१७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 7 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Green Star Overseas Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम इजाजत नं. २५७/०५८/०५९

### साउदीमा रोजगार

कम्पनी : First Car Rental Company is one person company

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314990 | चलानी नं.६०२२९३३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hayat Cleaning Company is a one person company

पूर्व स्वीकृति मिति : २०८१/०८/२० | LT. No. 314989 | चलानी नं.६०२२९३३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Windows Cleaner | 12 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१

### कतारमा रोजगार

कम्पनी : AL WATANIYA COMPANY FOR STEEL SECTORS

पूर्व स्वीकृति मिति : २०८१/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 311836 | चलानी नं. ६०२२९३२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३७,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

### बहराइनमा रोजगार

कम्पनी : Abu Obaid Contracting & Trading Group W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ | LT. No. 314891 | चलानी नं. ६०२२९३३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 130 | ४६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 3 | 0 | 120 | ४३,००० | | | | | | | |
| 3 | Gc Scaffolders | 40 | 0 | 130 | ४६,५७० | | | | | | | |
| 4 | Marble Setter | 3 | 0 | 130 | ४६,५७० | | | | | | | |
| 5 | Office Assistant | 1 | 0 | 120 | ४३,००० | | | | | | | |
| 6 | Printer | 2 | 0 | 120 | ४३,००० | | | | | | | |
| 7 | Receptionist | 0 | 1 | 120 | ४३,००० | | | | | | | |
| 8 | Safety Officer | 3 | 0 | 200 | ७१,६४५ | | | | | | | |
| 9 | Scaffolding Foreman | 2 | 0 | 150 | ५३,७३५ | | | | | | | |
| 10 | Supervisor (Scaffolding) | 2 | 0 | 200 | ७१,६४५ | | | | | | | |
| 11 | Trainee/intern Worker (Scaffolding) | 40 | 0 | 110 | ३९,४०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २९ गते (14th Dec. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
